# वार्षिक प्रगति पुस्तिका

## आर्थिक वर्ष २०८१/८२




नेपाल सरकार
**रक्षा मन्त्रालय**
सिंहदरबार, काठमाडौं

# वार्षिक प्रगति पुस्तिका, २०८१/८२

**सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ तथा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को प्रयोजन समेतका लागि ।**

नेपाल सरकार

## रक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौँ

**प्रकाशकः**

**नेपाल सरकार**

**रक्षा मन्त्रालय**

**फोन: ०१-४२००२४५**

**सर्वाधिकारः रक्षा मन्त्रालय,सिंहदरबार**

**इमेल: planning@mod.gov.np**

**वेबसाइट: www.mod.gov.np**

**प्रकाशन मिति: २०८२ मङ्सिर**



**प्रधानमन्त्री तथा रक्षा मन्त्री**

# शुभकामना

रक्षा मन्त्रालय, नेपाली सेना र राष्ट्रिय सुरक्षा परिषद्बाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कार्यहरुको एकीकृत प्रगति विवरण र अन्य सूचना सामग्री समेटी रक्षा मन्त्रालयले यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गरेकोमा मलाई अत्यन्त खुसी लागेको छ।

वि.सं.२००७ सालको राजनैतिक परिवर्तन पश्चात् स्थापना भएको रक्षा मन्त्रालयको भूमिका र जिम्मेवारी समयक्रममा निरन्तर बढ्दै आएको छ । मुलुकको राष्ट्रिय सुरक्षा नीति, प्रतिरक्षा नीति, रणनीति तथा कानूनको तर्जुमा, कार्यान्वियन, व्यवस्थापन, अनुगमन, नियन्त्रणजस्ता कार्य सम्पादनका अतिरिक्त रक्षा मन्त्रालयले नेपाल सरकार (मन्त्रिपरिषद्) र नेपाली सेनाको व्यवस्थापन तहबीच संयोजनकारी र समन्वयकारी भूमिका निर्वाह गर्दै नागरिक र सेनाबीचको सम्बन्धलाई प्रगाढ बनाउने दायित्व सफलतापूर्वक निर्वाह गर्दै आएको छ ।

नेपालको संविधान तथा प्रचलित कानूनले रक्षा मन्त्रालय, नेपाली सेना तथा राष्ट्रिय सुरक्षा परिषद्लाई प्रदान गरेका अधिकार तथा जिम्मेवारी निर्वाह गर्ने क्रममा मूलतः आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरिएका कार्यबाट हासिल भएका उपलब्धि, चुनौती र अन्य महत्त्वपूर्ण सूचना सामग्री समेटिएको यो प्रतिवेदनमा प्रकाशित विवरणले नागरिकको सूचनामाथि पहुँचको हकलाई सुनिश्चितता प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउनेछ । यसैगरी प्रतिवेदनमा समावेश रक्षा मन्त्रालय, नेपाली सेना तथा राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी महत्त्वपूर्ण सूचना एवम् नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन काठमाडौं तराई/मधेश द्रुतमार्ग सडक आयोजनालगायत रणनीतिक महत्त्वका अन्य सडक निर्माणको प्रगति अवस्थाका सम्बन्धमा सम्बद्ध सबैलाई अद्यावधिक जानकारी हासिल गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

यस वार्षिक प्रगति प्रतिवेदनमा औंल्याइएका समस्या तथा चुनौतीलाई सामना गर्नेगरी ठोस कार्यदिशा र रणनीति तर्जुमा गरी रक्षा मन्त्रालय, नेपाली सेना तथा राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउँदै सर्वसाधारण नेपाली जनता र युवापुस्ताका भावनालाई समेत सम्बोधन गर्नेगरी सङ्गठनात्मक क्रियाशीलता अभिवृद्धि गर्ने दिशामा ठोस कदम चाल्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०६४ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ का प्रावधानलाई समेत आत्मसात् गरी तयार गरिएको प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनलाई पुस्तकाकार रूप दिई प्रकाशन गर्ने कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सुशीला कार्की

सिंहदरबार, काठमाडौं
२०८२ मंसिर

नेपाल सरकार

# रक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल



## मन्तव्य

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को व्यवस्था अनुसार सबै मन्त्रालय, आयोग तथा केन्द्रीय निकायहरूले अघिल्लो आर्थिक वर्षमा सम्पादन गरेका प्रमुख कार्यहरू तथा हासिल गरेका उपलब्धिहरू समावेश गरी वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले रक्षा मन्त्रालयको जिम्मेवारी अन्तर्गत मुलुकको राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सुरक्षा तथा शान्ति प्रवर्द्धन र नेपाली सेनाको सञ्चालन तथा व्यवस्थापन लगायतका विभिन्न २१ वटा विषय निर्धारण गरेको छ। उक्त नियमावली, राष्ट्रिय सुरक्षा नीति, २०७५, राष्ट्रिय प्रतिरक्षा नीति, २०७७, सोह्रौं योजना (२०८१/८२-२०८५/८६), सैनिक ऐन, २०६३ लगायतका सम्बद्ध नीतिगत तथा कानूनी प्रावधान अन्तर्गत रहेर मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ भित्र सम्पादन गरेका प्रमुख कार्यहरूलाई समेटी वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छ।

अन्त्यमा, यो प्रतिवेदन तयारी तथा प्रकाशन कार्यमा संलग्न भई महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने मन्त्रालयका योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा लगायत सबै महाशाखा/शाखा प्रमुखहरू एवम् सबै कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दछु।

मंसिर २०८२

(सुमनराज अर्याल)
सचिव
रक्षा मन्त्रालय



## सम्पादकीय

नागरिकको सुसूचित हुने संवैधानिक हकको रक्षा गर्न, संस्थागत जवाफदेहिता सुनिश्चित गर्न तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा उल्लेखित प्रशासनिक कार्य सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्तबमोजिमका कार्य सुनिश्चित गर्न तथा पारदर्शिता कायम गर्न समेत सोही ऐनको दफा ४१ को व्यवस्था तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ बमोजिम रक्षा मन्त्रालयले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ।

राष्ट्रिय सुरक्षा र समृद्धिको आधार राष्ट्रिय सुरक्षा प्रणाली हो। नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता तथा राष्ट्रिय सुरक्षाको संरक्षण गर्नु राज्यको मूल संवैधानिक दायित्व हो। यही दायित्वअनुरूप राष्ट्रिय सुरक्षा प्रणालीलाई सबल र सक्षम बनाउन रक्षा मन्त्रालयले राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वन र व्यवस्थापनमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ।

नेपाल सरकारको नीतिगत मार्गदर्शनअनुसार आर्थिक वर्ष २०८१/०८२ मा काठमाडौँ-तराई/मधेस द्रुतमार्ग, कोशी, कालीगण्डकी, कर्णाली तथा महाकाली करिडोरलगायत राष्ट्रिय रणनीतिक पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति हासिल गरिएको छ। यसैगरी नेपाली सेनाले विपद् व्यवस्थापन क्षमताको अभिवृद्धि, राष्ट्रिय सेवा दल कार्यक्रमको विस्तार, बङ्करदेखि ब्यारेक कार्यक्रम, सैनिक नागरिक सम्बन्ध अभिवृद्धि,सैनिक हवाई सेवाको सुदृढीकरण तथा शान्ति सेनामा प्रभावकारी सहभागिता जस्ता कार्यहरू उत्कृष्ट ढङ्गले सम्पन्न गर्दै राष्ट्रको सुरक्षा, विपद् व्यवस्थापन र अन्तर्राष्ट्रिय प्रतिष्ठा वृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

अन्त्यमा; यो पुस्तिका रक्षा मन्त्रालय वा अन्तर्गत निकायहरूको भूमिका, कार्यक्षेत्र र आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका मुख्य मुख्य क्रियाकलाप एवम् हासिल भएका उपलब्धिहरूका बारेमा जानकारी लिन चाहनेहरूका लागि उपयोगी हुने एवम् मन्त्रालयका लागि संस्थागत स्मरण समेत रहने अपेक्षा गरिएको छ।

कृष्ण पौडेल
संयोजक
पुस्तिका सम्पादक मण्डल
एवम्
महाशाखा प्रमुख,
योजना तथा अन्तर्राष्ट्रिय
समन्वय महाशाखा

मङ्सिर, २०८२

# विषयसूचीः

**परिच्छेद १: परिचय ..... १**
*१.१. रक्षा मन्त्रालय* ..... १
*१.१.१. कार्यक्षेत्र* ..... ३
*१.१.२. सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था* ..... ३
*१.१.३. सङ्गठन संरचना* ..... ५
*१.१.४. मन्त्रालयबाट हुने प्रतिनिधित्व सम्बन्धी विवरण* ..... ५
*१.२. नेपाली सेना* ..... ७
*१.२.१. कार्यक्षेत्र* ..... ८
*१.२.२. सङ्गठन संरचना* ..... १०
*१.२.३. नेपाली सेनाबाट सञ्चालन हुँदै आएका आयोजना तथा कार्यक्रमहरूको जानकारी* ..... १०
*१.३. राष्ट्रिय सुरक्षा परिषद्* ..... १४
*१.३.१. कार्यक्षेत्र* ..... १६
*१.३.२. सङ्गठन संरचना* ..... १६
**परिच्छेद २: आ.व. २०८१/८२ को प्रगति ..... १७**
*२.१.वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य* ..... १७
*२.२. आ.व. २०८१/८२ को बजेट विनियोजन र खर्चको स्थिति* ..... १९
*२.३. रक्षा मन्त्रालय* ..... २१
*२.३.१ महाशाखागत प्रगति* ..... २१
*२.३.२. माइलस्टोन बमोजिमको प्रगति* ..... २८
*२.३.३. कार्यसम्पादन सम्झौताबमोजिमको प्रगति* ..... २८
*२.४. नेपाली सेना* ..... ३२
*२.४.१. कार्यक्रम/आयोजनागत प्रगति अवस्था* ..... ३२
*२.४.२. अन्य कार्यहरूको प्रगति अवस्था* ..... ३३
*२.५. राष्ट्रिय सुरक्षा परिषद्* ..... ३७
*२.५.१ आ.व. २०८१/८२ मा सम्पादित कार्यहरू* ..... ३७
**परिच्छेद ३: समस्या तथा समाधान ..... ३८**
*३.१ समस्या* ..... ३८
*३.२. समस्या समाधानका उपायहरू* ..... ३९
अनुसूची- १: काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको विस्तृत प्रगति अवस्था ..... ४०
अनुसूची- २: आ.व. २०८१/८२ मा मन्त्रालयबाट भएको वैदेशिक मनोनयन विवरण ..... ४४
अनुसूची- ३: संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यका लागि खटिएका मिसनहरूः- ..... ४७
अनुसूची-४: हालसम्मका रक्षामन्त्रीहरूको नामावली ..... ४८
अनुसूची-५: हालसम्मका प्रधान सेनापतिहरूको नामावली ..... ५२
अनुसूची-६: हालसम्मका रक्षासचिवहरूको नामावली ..... ५६
अनुसूची-५: फोटो ग्यालरी ..... ५८

# परिच्छेद १: परिचय

## १.१. रक्षा मन्त्रालय

नेपालको संविधानमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने कुरा स्पष्ट उल्लेख गरिएको छ। यिनै दायित्वहरूलाई पूरा गर्न संविधानले प्रदान गरेका अधिकारहरूको परिधिभित्र रही तथा राज्यका निर्देशक सिद्धान्तहरूबाट निर्देशित भई रक्षा मन्त्रालयले आफ्ना कार्यहरू सम्पादन गर्दै आइरहेको छ।

वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपश्चात् सेनासम्बन्धी कार्य सम्पादनका लागि छुट्टै प्रशासनिक संयन्त्रको आवश्यकता महसुस गरिएअनुसार २००७ साल फागुनमा रक्षा मन्त्रालयको स्थापना भएको हो। यसको स्थापना कालको मुख्य जिम्मेवारीका रूपमा राष्ट्रको सम्प्रभुताको संरक्षण तथा बाह्य हस्तक्षेप र बाह्य हमलाबाट मुलुकलाई प्रतिरक्षा गर्दै देशको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र अखण्डता अक्षुण्ण राख्दै सर्वाङ्गीण राष्ट्रिय सुरक्षा कायम गर्नु रहेको छ।

रक्षा र प्रतिरक्षा सम्बन्धी विषयमा विभिन्न निकायहरूबिच समन्वय गर्ने प्रशासनिक संयन्त्रका रूपमा रक्षा मन्त्रालयको स्थापना भए तापनि मुलुकमा तीन दशकभन्दा लामो समयसम्म सक्रिय राजतन्त्रात्मक शासन व्यवस्थाको समयमा सेनासम्बन्धी मूलभूत कार्यहरू जङ्गी अड्डा तथा राजदरबारमा रहेको प्रमुख सैनिक सचिवालयको समन्वयमा हुने गर्दथ्यो। वि.सं. २०६२/६३ को दोस्रो जनआन्दोलनको सफलतासँगै राजसंस्थाको अन्त्य र प्रमुख सैनिक सचिवालय समेत खारेज भएपछि रक्षा मन्त्रालयको भूमिका वृद्धि हुन थालेको हो। संविधानसभाबाट पारित भई जारी भएको नेपालको संविधानले राष्ट्रिय सुरक्षा परिषद् र नेपाली सेना सम्बन्धमा गरेको संवैधानिक व्यवस्थाअनुसार हाल रक्षा मन्त्रालयले मुलुकको राष्ट्रिय सुरक्षा नीति, प्रतिरक्षा नीति तथा रणनीतिको तर्जुमा तथा कार्यान्वयनमा अहम् भूमिका निर्वाह गर्नुका साथै नेपाली सेनाको प्रशासकीय नेतृत्वदायी संयन्त्रका रूपमा समेत विभिन्न कार्यहरू गर्दै आइरहेको छ।

राष्ट्रको सुरक्षा एवम् प्रतिरक्षा सम्बन्धी नीति, रणनीति तथा कानुनको तर्जुमा र तिनको कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियन्त्रण तथा निर्देशन गर्ने कर्तव्य पूरा गरी नेपाली सेनालाई देश र जनताको हितमा प्रभावकारी तवरले परिचालन गर्ने दायित्व रक्षा मन्त्रालयको रही आएको छ। रक्षा मन्त्रालयले नेपाल सरकार (मन्त्रिपरिषद्) र नेपाली सेनाको व्यवस्थापन तहबिच संयोजनकारी र समन्वयकारी भूमिका निर्वाह गर्दै नागरिक र सेनाबिचको सम्बन्धलाई प्रभावकारी बनाउने दायित्व पनि निर्वाह गर्दै आएको छ। यस मन्त्रालयले नेपाली सेनाको कानुनी, प्रशासनिक, आर्थिक तथा व्यवस्थापकीय पक्षबारे नीतिगत निर्णय, अन्तरमन्त्रालय समन्वय र सहजीकरण, सेनाका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने विषयहरूको प्रस्ताव गर्नुका अतिरिक्त नेपाल सरकारबाट भएका सेनासम्बन्धी निर्णयहरूको प्रभावकारी कार्यान्वयनको जिम्मेवारी पनि वहन गर्दै आइरहेको छ।

वि.सं. २०६३ को राजनीतिक परिवर्तनपश्चात् पुनःस्थापित प्रतिनिधि सभाको २०६३ जेठ ४ को ऐतिहासिक घोषणाबाट नेपाली सेनाको सङ्गठन समावेशी र राष्ट्रिय स्वरूपको बनाउने एवम् सेनामाथि नागरिक नियन्त्रण, सेनाको आधुनिकीकरण र पुन: संरचना, सेना र नागरिक सम्बन्ध जस्ता विषयहरूलाई उल्लेख गरेबाट शासकीय प्रणालीभित्र समेत यस्ता विषयहरूले क्रमशः प्राथमिकता पाउन थाले । परिवर्तित राजनीतिक परिदृश्यसँगै रक्षा मन्त्रालयको नेतृत्वदायी र समन्वयकारी भूमिकालाई थप गतिशील र सुदृढ बनाउँदै लगिएको छ।

वि.सं. १८१९ मा राजा पृथ्वीनारायण शाहबाट नेपाल एकीकरणको क्रमसँगै ५ वटा कम्पनीहरू खडा गरी आधुनिक नेपाली सेनाको गठन प्रक्रिया सुरु भएको हो । विभिन्न ऐतिहासिक कालखण्डहरूमा नेपाली सेनाले नेपाल र नेपालीको अस्तित्व, पहिचान, राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको रक्षाका लागि नेपाल-अङ्ग्रेज युद्ध, नेपाल-भोट युद्धसमेत लड्नु परेका ऐतिहासिक तथ्यहरू छन् । नेपालको एकीकरण अभियान र त्यसपछि विभिन्न कालखण्डहरूमा भएको संरचनात्मक विकासपश्चात् हाल नेपाली सेनाको संरचनामा परिवर्तन भई केन्द्रसहित देशको सबै प्रदेशमा तैनाथ रही नेपाली सेनाले राष्ट्रिय हितको संरक्षण र संवर्धनका लागि अहोरात्र कार्य गर्दै आएको छ । हालका दिनहरूमा नेपाली सेना मूलतः बाह्य सुरक्षा, आन्तरिक सुरक्षा, विपद् व्यवस्थापन, विकास निर्माण, प्रकृति संरक्षण, मुलुकको महत्त्वपूर्ण संरचना तथा अतिविशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवम् संयुक्त राष्ट्र सङ्घको आह्वानअनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता कार्यहरूमा संलग्न रहँदै आएको छ। राष्ट्रिय पहिचान बोकेका ठूला र रणनीतिक महत्त्वका विकास निर्माण कार्यको सञ्चालन र विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिका प्रशंसनीय रहेको छ।

नेपालको संविधानको धारा ५१ (क) मा ‘राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीति’ अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, नेपालीहरूबिच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइहरूबिच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गरी राष्ट्रिय एकता प्रवर्धन गर्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति-सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने तथा नेपाली सेना लगायत सबै सुरक्षा संयन्त्रलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने विषयहरूलाई प्राथमिकताका साथ समेटिएको छ । यिनै संवैधानिक र नीतिगत विषयहरूबाट निर्देशित भई रक्षा मन्त्रालयले आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको छ।

नेपालको संविधानको भाग २८, धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहने व्यवस्था उल्लेख छ। राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने र राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम राष्ट्रपतिबाट नेपाली सेनाको परिचालनको घोषणा हुने संवैधानिक व्यवस्था छ। नेपाली सेनाको कार्यक्षेत्र मूलतः नेपालको संविधान, राष्ट्रिय सुरक्षा नीति, २०७५, राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ तथा सैनिक ऐन, २०६३ र सोअन्तर्गत बनेका नियमावली तथा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार निर्दिष्ट छ।

### १.१.१. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८० (दोस्रो संशोधन) अनुसार रक्षा मन्त्रालयअन्तर्गत कार्यक्षेत्रहरू देहायबमोजिम रहेका छन्:-

१. राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२. राष्ट्रिय तथा रणनैतिक सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, सञ्चार प्रणाली एवम् सञ्जाल स्थापना, सञ्चालन र व्यवस्थापन,
३. राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार,
४. अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय,
५. सीमाक्षेत्र सम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा उपयोग,
६. नेपाली सेना गठन तथा परिचालन सम्बन्धी नीति, रणनीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन,
७. सैनिक ब्यारेक तथा कार्यालय व्यवस्थापन,
८. सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाका शर्त, सैनिक तालिम तथा सुविधा,
९. सैनिक प्रतिष्ठापन (Installation) र सञ्चार तथा यातायात,
१०. हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थ र असवाव उत्पादन र प्रयोग, सोसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना,
११. सैनिक भण्डार,
१२. सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादन,
१३. नेपाली सैनिक विमान सेवा,
१४. सैनिक गुप्तचर विभाग,
१५. सैनिक निर्माणशाला,
१६. बारुदी सुरुङ निष्प्रभावीकरण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
१७. राष्ट्रिय सेवा दलको सङ्गठन, तालिम र प्रशासन,
१८. विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,
१९. सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना,
२०. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्त्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा,
२१. अन्तर्राष्ट्रिय शान्ति प्रवर्धनमा सहयोग,मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्बन्धित सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय ।

### १.१.२. सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था

रक्षा मन्त्रालयले हाल मुख्यतः निम्नलिखित संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाअन्तर्गत रही कार्य सम्पादन गर्दै आएको छः-

**(क) संवैधानिक व्यवस्था**

- नेपालको संविधानको समग्रता र संविधानमा भएका विशिष्ट व्यवस्थाः-

**धारा ४९**: राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व मार्गनिर्देशनका रूपमा रहने,
**धारा ५०**: निर्देशक सिद्धान्तहरू ,
**धारा ५१**: राज्यका नीतिहरूअन्तर्गत राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिहरू,
**धारा ५२**:नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने,
**धारा २६६**: राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी व्यवस्था,
**धारा २६७**: नेपाली सेना सम्बन्धी व्यवस्था,
**अनुसूची ५**: सङ्घको अधिकारको सूची : रक्षा र सेना सम्बन्धी विषयहरू ।

**(ख) नीतिगत व्यवस्था**

- राष्ट्रिय सुरक्षा नीति, २०७५
- राष्ट्रिय प्रतिरक्षा नीति, २०७७
- सोह्रौँ योजना (२०८१/८२-२०८५/८६)


**(ग) ऐन/नियमहरू**

- सैनिक ऐन, २०६३
- राष्ट्रिय सेवा दल ऐन,२०२७
- सैनिक सेवा नियमावली, २०६९
- सैनिक हवाई सेवा नियमावली, २०७४
- सैनिक प्राड सेवा नियमावली, २०७४
- सैनिक विविध सेवा नियमावली, २०७४
- सैनिक प्राविधिक सेवा नियमावली, २०७६
- भूतपूर्व सैनिक नियुक्ति (विशेष व्यवस्था) नियमावली, २०५९
- सैनिक अदालत नियमावली, २०६४
- सैनिक अस्पताल व्यवस्था नियमहरू, २०२३
- सैनिक प्रहरीसम्बन्धी नियमावली, २०५८
- सैनिक कल्याणकारी कोष नियमावली, २०६५
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०८०

**(ङ) कार्यविधि**

- सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४
- काठमाण्डौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि, २०७४
- शान्ति सेना छनौट कार्यविधि, २०७५
- नेपाली सेनामा मानार्थ बढुवा र विशेष बढुवा सम्बन्धी कार्यविधि

## १.१.३. सङ्गठन संरचना




## १.१.४. मन्त्रालयबाट हुने प्रतिनिधित्व सम्बन्धी विवरण

नेपाल सरकारबाट जारी गरिएका ऐन, कानुन, कार्यविधिबमोजिम यस मन्त्रालयको प्रतिनिधित्व हुने विभिन्न संयन्त्रहरूको विवरण देहायबमोजिम रहेको छः-

| सि.नं | संविधान/ऐन/नियम/कार्यविधि | संयन्त्रको नाम | प्रतिनिधित्व | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | मन्त्री | सचिव | सहसचिव | अन्य | |
| १ | नेपालको संविधान | राष्ट्रिय सुरक्षा परिषद् | √ | √ | - | | |
| २ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ | राष्ट्रिय परिषद् | √ | - | - | | |
| ३ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ | कार्यकारी समिति | - | √ | - | | |
| ४ | सशस्त्र प्रहरी ऐन, २०५८ | केन्द्रीय सुरक्षा समिति | - | √ | - | | |
| ५ | सैनिक ऐन, २०६३ | सैनिक विशेष अदालत | - | √ | - | | |
| ६ | सैनिक सेवा नियमावली, २०६९ | नेपाली सेना, पदपूर्ति समिति | - | √ | - | | |
| ७ | काठमान्डौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि,२०७४(तेस्रो संसोधन) | अनुगमन समिति | √ | √ | - | | |
| ८ | काठमान्डौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि,२०७४(तेस्रो संसोधन) | निर्देशक समिति | - | - | √ | | योजना महाशाखा |
| ९ | British Gurkhas Welfare Coordination Committee (BGWCC) | | - | √ | √ | | योजना महाशाखा |
| १० | Land Force Talk | | - | - | √ | | योजना महाशाखा |
| ११ | Nepal-India Bilateral Consultative Group on Security issues. | | - | - | √ | | योजना महाशाखा |
| १२ | राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयन कार्ययोजना २०७७ को मार्गदर्शन, २०७८ | फोकल पर्सनहरूको संयन्त्र | - | - | ✓ | | योजना महाशाखा |
| १३ | सैनिक ऐन, २०६३ | सैनिक कल्याणकारी कोष | - | - | ✓ | | योजना महाशाखा |
| १४ | २०६३/११/१४ गतेको म.प.को निर्णयानुसार | अन्तर्राष्ट्रिय मानव अधिकार | - | √ | - | | |

| सि.नं | संविधान/ऐन/नियम/कार्यविधि | संयन्त्रको नाम | प्रतिनिधित्व | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | मन्त्री | सचिव | सहसचिव | अन्य | |
| | | राष्ट्रिय समिति | | | | | |
| १५ | वि.सं. २०६३ फागुन १४ (तदनुसार २६ Feb २००७) को मन्त्रिपरिषद्स्तरीय निर्णयअनुसार | अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी राष्ट्रिय समिति | - | √ | - | यससँग सम्बन्धित उपसमितिमा यस मन्त्रालयका तर्फबाट उपसचिवस्तरको प्रतिनिधित्व रहेको | कानुन महाशाखा |
| १६ | राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गर्ने प्रयोजनका लागि “सहजीकरण समिति” | | - | - | √ | | कानुन महाशाखा |
| १७ | उच्चस्तरीय शासकीय सुधार आयोग, २०८२ गठन सम्बन्धी निर्णय र मिति २०८२ जेठ ५ गतेको सचिव बैठकको निर्णयानुसार | शासकीय सुधार कार्यान्वयन समितिको सचिवालय | - | - | √ | | प्रशासन महाशाखा |
| १८ | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास निर्माण समिति (गठन) आदेश, २०७६ | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास समिति | - | - | ✓ | | प्रशासन महाशाखा |
| १९ | ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि हवाई उद्धार सञ्चालन कार्यविधि, २०७३ | हवाई उद्धार निर्देशक समिति | - | - | ✓ | | व्यवस्थापन महाशाखा |
| २० | राष्ट्रिय सडक सुरक्षा नीति, २०८१ | राष्ट्रिय सडक सुरक्षा परिषद् | - | - | ✓ | | व्यवस्थापन महाशाखा |

## १.२. नेपाली सेना

आधुनिक नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाहको पालामा स्थापना भएको नेपाली सेनाले स्थापना कालदेखि नै नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालगायत महत्त्वपूर्ण राष्ट्रिय हित र स्वार्थहरूको संरक्षण र संवर्धनमा अहम् भूमिका खेल्दै आइरहेको छ। आम नेपाली जनताको जीवन रक्षा र नेपाली समाजमा युगौँयुगदेखि विद्यमान सामाजिक सद्भाव, एकता र सहिष्णुतालाई

कायम राख्नु पनि नेपाली सेनाको जिम्मेवारी रहेको छ । यसैगरी नेपाली सेनाले सम्पूर्ण नेपालीहरूको आधारभूत हक र हितको रक्षा गर्दै आम नेपाली जनताको सुख दुःखमा समेत सदैव साथ दिँदै नेपाल सरकारले तोकेका जिम्मेवारीहरू प्रभावकारी ढङ्गले निर्वाह गर्दै आइरहेको छ । नेपाली सेना सदैव सरकारको विश्वसनीय, भरपर्दो, व्यावसायिक र उच्च दक्षतायुक्त सैनिक शक्तिको रूपमा रहँदै आएको छ।

नेपाली सेनाले स्वदेशभित्र मात्र होइन;मा अन्तर्राष्ट्रिय क्षेत्रमा पनि शान्ति स्थापनालगायतका कार्यमा उल्लेखनीय तथा उत्कृष्ट भूमिका निर्वाह गर्दै मुलुकको प्रतिष्ठा र गरिमा उच्च राख्न सहयोग पुऱ्याउँदै आएको छ। विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरूमा शान्ति स्थापना गर्ने विशुद्ध अन्तर्राष्ट्रिय मानवीय कार्यका लागि नेपाली सेनाका कन्टिन्जेन्ट, स्टाफ तथा पर्यवेक्षकहरू तैनाथ भई अत्यन्त विषम परिस्थितिमा पनि द्वन्द्वबाट पीडित असहाय स्थानीय जनताहरूलाई सुरक्षा, सहयोग र सद्भाव प्रदान गर्दै आएका छन्। नेपाली सेनाले विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनाका लागि खेलेको भूमिकाको अन्तर्राष्ट्रियस्तरमै प्रशंसा हुँदै आएको छ।

नेपालको संविधान र मौजुदा राष्ट्रिय सुरक्षा नीतिको मूल लक्ष्यअनुरूप राष्ट्रिय हित संवर्धन गर्न कटिबद्ध नेपाली सेना देश र जनताप्रति पूर्ण उत्तरदायी, पारदर्शी र बफादार छ। नेपाली सेनाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र समावेशी राष्ट्रिय चरित्रलाई आत्मसात् गर्दै राष्ट्रसेवामा समर्पित सबै दर्जाहरूको योग्यता, पेसागत कार्यदक्षताको आधारमा आफ्ना गतिविधिहरू सञ्चालन तथा व्यवस्थापन गर्दै आइरहेको छ।

नेपाली सेनालाई समयानुकूल सबल र सुदृढ तुल्याई यस सङ्गठनभित्र आबद्ध सम्पूर्ण सैनिक जनशक्तिको मनोबल उच्च बनाउँदै राष्ट्रसेवामा अझ बढी उत्प्रेरित भई काम गर्ने वातावरण निर्माण गर्न रक्षा मन्त्रालयले विशेष जोड दिँदै आएको छ।

### १.२.१. कार्यक्षेत्र

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा नेपाली सेनाको सर्वोपरि कार्य हो। बदलिँदो सुरक्षा वातावरणमा नेपालका महत्त्वपूर्ण राष्ट्रिय हितहरूको संरक्षण, संवर्धन र प्रवर्धनमा नेपाली सेनाको महत्त्वपूर्ण भूमिका रहेको छ । राज्यको एक महत्त्वपूर्ण तथा अन्तिम शक्ति संयन्त्रको रूपमा नेपाली सेनाले बढ्दो सुरक्षा चुनौतीबिच राष्ट्रका अन्य सुरक्षा संयन्त्रहरूसँगको सहकार्यमा मुलुकभित्र शान्ति, स्थिरता, अमन चयन र सुशासन तथा सामाजिक ऐक्यबद्धता कायम राख्ने नेपाल सरकारको प्रयासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । राज्यका आवश्यकता र सुरक्षा चुनौतीहरू बहुआयामिक र जटिल रहेको सन्दर्भमा नेपाली सेनाले आफ्नो क्षमताको निरन्तर विकास गर्दै नेपाली सेना सहभागी हुने हरेक काम कारबाहीहरूमा प्रभावकारिता र दक्षता अभिवृद्धि गर्दै सरकार र जनताको सदैव विश्वास आर्जन गर्न प्रयत्नशील छ।

नेपालको संविधानको भाग २८ मा राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था अन्तर्गत धारा २६७ मा नेपाली सेनाको बारेमा निम्नानुसारको व्यवस्था गरिएको छः-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहनेछ,

(ख) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ,

(ग) नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा सङ्घीय कानुनबमोजिम सुनिश्चित गरिनेछ,

(घ) नेपाल सरकारले नेपाली सेनालाई सङ्घीय कानुनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्नेछ।

सैनिक ऐन, २०६३ तथा अन्य प्रचलित कानुन र नीतिअनुसार नेपाली सेनाको कार्यक्षेत्र देहायबमोजिम रहेको छः-

(क) नेपाली सेनाको प्रमुख कार्य नेपालको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डतालाई बाह्य घुसपैठ र आक्रमणबाट सुरक्षा गर्ने, सीमा सुरक्षाका लागि तत्पर रहने हुनेछ। राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती उत्पन्न भएको अवस्थामा त्यसको सामना गर्न नेपाली सेनाको प्रमुख सुरक्षा भूमिका हुनेछ।

(ख) युद्धबाहेक क्रियाशील हुनुपर्ने परिस्थितिअन्तर्गतः-

(१) स्थानीय प्रशासनको नियन्त्रणभन्दा बाहिरको परिस्थिति उत्पन्न भएमा आन्तरिक सुरक्षा कायम गर्न सहयोग गर्ने,

(२) प्रशासनिक नियन्त्रण बाहिर हिंसात्मक, विध्वंसात्मक तथा आतङ्ककारी कार्यहरू भएमा निस्तेज गर्ने,

(३) गैरकानुनी सशस्त्र गतिविधि निस्तेज गर्ने,

(४) आवश्यकताअनुसार महत्त्वपूर्ण र संवेदनशील स्थानहरूको सुरक्षा गर्ने,

(५) प्राकृतिक, मानव सिर्जित तथा प्रविधिजन्य विपद्मा उद्धार कार्य गर्ने,

(६) विकास निर्माणका कार्यहरूमा सहयोग पुऱ्याउने,

(७) जनता, सरकार र सेनाबिचको सम्बन्धलाई सुमधुर तथा सुदृढ बनाउने र सुरक्षा चेतना अभिवृद्धिमा योगदान गर्ने,

(८) राष्ट्रिय सम्पदाको संरक्षणमा आवश्यक सहयोग गर्ने,

(९) सैनिक प्रविधि र अनुसन्धानको विकास गर्दै गोलीगठ्ठा, विस्फोटक पदार्थ लगायतका सुरक्षा निकायहरूले प्रयोगमा ल्याउने सामग्रीहरूको उत्पादनमा आत्मनिर्भरता बढाउने तथा नेपाली सेनाका लागि आवश्यक हातहतियार लगायतका सामग्रीको नियमित समीक्षा गर्दै आवश्यक सामग्री प्राप्त गर्ने,

(१०) संवेदनशील तथा अन्तर्राष्ट्रिय सीमाक्षेत्र नजिक निर्माण हुने आयोजना एवम् विदेशी सहयोगमा निर्माण हुने सामरिक संरचनाको नियमित सुपरिवेक्षण गर्ने,

(११) मित्रराष्ट्रका सेनाहरूसँग सैनिकसम्बन्ध विकास गर्न सहयोग पुऱ्याउने,


(१२) संयुक्त राष्ट्रसङ्घअन्तर्गत विश्व शान्ति स्थापनार्थ योगदान पुऱ्याउने नेपाल सरकारको नीतिलाई सघाउने,

(१३) नेपालसँग दौत्यसम्बन्ध कायम भएका देशका राजदूतावासका सैनिक सहचारीहरूले सबै सुरक्षा निकायहरूसँग गर्ने सैनिक महत्त्वका गतिविधि एवम् अन्तर्क्रियाहरूको रक्षा मन्त्रालयमार्फत समन्वय गर्ने,

(१४) नेपालको संविधान तथा कानुनबमोजिम नेपाल सरकारले तोकेका अन्य कार्यहरू गर्ने।

### १.२.२. सङ्गठन संरचना

नेपाली सेनाको संरचना




### १.२.३. नेपाली सेनाबाट सञ्चालन हुँदै आएका आयोजना तथा कार्यक्रमहरूको जानकारी

#### क. बङ्करदेखि ब्यारेक कार्यक्रम

देशका विभिन्न स्थानहरूमा आवश्यकता तथा सुरक्षा संवेदनशीलताका आधारमा नेपाली सेना तैनाथ रहेका स्थानहरूमा सैनिक जवानहरूको लागि वासस्थानको अभावको कारण लामो समयदेखि बङ्कर तथा पालहरूमा बसी आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको अवस्था छ। विस्तृत शान्ति सम्झौतापश्चात् छुट्टिएर स-साना बङ्करहरूमा रहेका फौजहरूलाई व्यवस्थित सुविधायुक्त ब्यारेकमा फिर्ता गर्ने नेपाल सरकारको नीतिअनुरूप आ.व. २०६७/६८ बाट "बङ्करदेखि ब्यारेक" कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो। तत्पश्चात्का हरेक आ.व.को बजेट तथा कार्यक्रममा "बङ्करदेखि ब्यारेक कार्यक्रम" लाई निरन्तरता दिइएको छ।

#### ख. राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय

राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने राष्ट्रिय स्वार्थ एवम् राष्ट्रिय हितको सही पहिचान गरी सोको संरक्षण, सुरक्षा तथा प्रवर्धन गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै कार्य गर्न सक्ने जनशक्ति निर्माण गर्ने हेतुले, सामरिक सुरक्षासँग सम्बन्धित बहुआयामिक एवम् बृहत् विषयहरू *(राष्ट्रिय सुरक्षा, राष्ट्रिय नीति तथा रणनीति, राष्ट्रको बाह्य एवम् आन्तरिक सुरक्षा चुनौतीहरू, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षा परिवेश)* लगायतका समसामयिक सुरक्षा अध्ययनका विषयवस्तुहरूको नियमित अध्ययन, अध्यापन एवम्

अनुसन्धान गर्ने उच्चस्तरको शैक्षिक संस्था नेपालमा स्थापना गर्नुपर्ने आवश्यकता महसुस भई राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना गर्ने कार्य आ.व.२०७६/७७ मा सुरु भएको हो । उक्त विश्व विद्यालयको भौतिक संरचना निर्माणको कार्यका लागि राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०८० बमोजिम कार्यहरू भइरहेका छन् ।

### ग. राष्ट्रिय सेवा दल

युवाहरूमा राष्ट्र र राष्ट्रियता सम्बन्धी चेतना जगाई असल नागरिक तयार गर्ने, राष्ट्रिय हितप्रति समर्पित र अनुशासित युवा जनशक्ति विकास गरी राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने तथा देशमा आइपर्ने आपत् विपद्को अवस्थामा सेवा दिन सक्षम बनाउने उद्देश्यले नेपाली सेनाअन्तर्गत राष्ट्रिय सेवा दलको कार्यक्रम सञ्चालनमा रहेको छ । राष्ट्रिय सेवा दलको तालिमलाई देशभर विस्तार गरी युवा जनशक्तिलाई राष्ट्र र राष्ट्रियता सम्बन्धी समयानुकूल शिक्षा र तालिम दिने सन्दर्भमा राष्ट्रिय सेवा दलबाट देशव्यापी रूपमा तालिम विस्तार गरी राष्ट्रसेवक युवा उत्पादन गर्ने उद्देश्य रहेको छ ।

### घ. विपद् व्यवस्थापन क्षमता अभिवृद्धि

नेपाली सेनाले प्राकृतिक विपद् तथा अन्य दुर्घटनाहरूमा प्राथमिक पहलकर्ता (Primary Responder) को रूपमा खोज, उद्धार, राहत वितरण तथा अस्थायी पुनर्वास व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ । विपद् व्यवस्थापनको पूर्वतयारी तथा भविष्यमा आइपर्न सक्ने विपद्को प्रभावकारी व्यवस्थापनका लागि नेपाल सरकारको भूमिकालाई थप प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता *(हवाई, खोज तथा उद्धार, इन्जिनियरिङ, यातायात, मेडिकल आदि)* अभिवृद्धि गर्ने योजनालाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ ।

### ङ. नागरिक - सैनिक सम्बन्ध

नेपाली सेनाले नागरिक सर्वोच्चतालाई मनन गर्दै नागरिक-सैनिक सम्बन्ध प्रगाढ बनाउन विशेष जोड दिँदै आइरहेको छ । यसअन्तर्गत स्वास्थ्य सेवा, स्थानीय सडक निर्माण तथा मर्मत, खानेपानी, स्थानीय बजारीकरणलगायत अन्य क्षेत्रहरूमा समेत नागरिक-सैनिक सहयोग र सहकार्यमा विभिन्न जनहितकारी कार्यक्रमहरूको सञ्चालनलाई निरन्तरता दिँदै आएको छ ।

### च. सैनिक हवाई सेवा

नेपाली सेनाको आवश्यक अपरेसन तथा बन्दोबस्ती कार्यमा सहयोग पुऱ्याउन सैनिक हवाई सेवाको व्यवस्था भएअनुरूप सैनिक हवाई सेवाअन्तर्गत मध्य एयरबेस, पश्चिम एयरबेस र विशिष्ट उडान सेवाद्वारा हवाई सेवा उपलब्ध गराईएको र उक्त कार्य हाल पनि जारी रहेको छ । यस अवधिमा विभिन्न VIP उडानको सुरक्षा व्यवस्थापन तथा सहजीकरण भएको, विभिन्न व्यक्ति, फर्म तथा ट्राभल एजेन्सीलाई ड्रोन उडान सम्बन्धमा सहमति प्रदान गरिएको, दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यमा सहजीकरण गरिएको तथा विपन्न, विरामी, सवारी दुर्घटनाका घाइतेहरूको उद्धार एवम् मृतक शरीर फिर्ता गर्ने सम्बन्धमा हवाइ उद्धारको लागि सहजीकरण गरिएको छ ।

### छ. संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना

विश्व शान्ति कार्यमा योगदान पुऱ्याउने नेपाल सरकारको परराष्ट्र नीतिलाई सहयोग पुग्ने गरी नेपाली सेनाले संयुक्त राष्ट्र सङ्घको आव्हानमा विश्वका द्वन्द्वग्रस्त मुलुकहरूमा शान्ति सेना फौजको उल्लेख्य उपस्थिति जनाई अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय पहिचान र प्रतिष्ठा अभिवृद्धि गर्ने नीतिलाई निरन्तरता दिँदै आइरहेको छ। शान्ति स्थापनार्थ फौजको सङ्ख्या वार्षिक रूपमा कुल नफ्रिको १०% पुऱ्याउने हेतुले फौजको हातहतियार तथा सैन्य सामग्रीहरूको व्यवस्थापन गर्रिदै आइरहेको छ।

### ज. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

राष्ट्रपति चुरे संरक्षण कार्यक्रमअन्तर्गत विभिन्न जिल्लाहरूमा रहेका सामुदायिक वनहरू र तालतलैयाहरू जिर्णोद्धार तथा संरक्षण लगायतका कार्यमा नेपाली सेनाले महत्वपूर्ण योगदान दिँदै आएको छ। यसबाट चुरे क्षेत्रको पर्यावरण संरक्षण र तराई क्षेत्रमा आइपर्ने विपद् न्यूनीकरणमा योगदान पुगेको छ।

### झ. मानव अधिकार संरक्षण

नेपाली सेना मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र संवर्धनमा पूर्णरूपमा कटिबद्ध रहेको छ । सोहीबमोजिम नेपाली सेना (स्वदेश तथा विदेश) मा कार्यरत सकल दर्जाहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी विषयमा दक्षता अभिवृद्धिका लागि जानकारीमूलक कक्षाहरू सञ्चालनमा विशेष जोड दिँइदै आएको छ। साथै, संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापना कार्यका लागि विभिन्न शान्ति मिसनहरूमा सैनिक पर्यवेक्षक तथा विभिन्न स्टाफ अधिकृतको नियुक्तिमा कार्यरत रहन जाने नेपाली सेनाका सकलदर्जाहरूको मानव अधिकार सम्बन्धी विशेष तालिम प्याकेज निर्माण गरी कक्षा सञ्चालन गर्ने गरिएको छ।

### ञ. कल्याणकारी कार्यक्रम

शान्ति स्थापनाका सन्दर्भमा विभिन्न द्वन्दग्रस्त मुलुकहरूमा खटिएका नेपाली सेनाका सकल दर्जाका सैनिकहरूले मिसनमा खटिएको अवधिमा मासिक रूपमा प्राप्त गर्ने वैदेशिक भत्ता मध्येबाट निश्चित अंशकट्टा गरी बहालवाला तथा भूतपूर्व सैनिकहरू तथा तिनका आश्रित परिवारहरूको शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार, सुविधा तथा सहुलियत, रोजगारमूलक तालिम/प्रशिक्षण लगायतका सामाजिक कल्याणका क्षेत्रमा विभिन्न सहुलियतपूर्ण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले सैनिक कल्याणकारी कोष सञ्चालनमा रहेको छ।

## ट. नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन सडक/करिडोर

### अ) काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना

मुलुकको राजधानी काठमाडौँलाई तराईसँग सबैभन्दा छोटो दुरीमा जोड्ने सामरिक महत्त्वको काठमाडौँ-तराई/मधेस द्रुतमार्गले नेपाललाई Connectivity प्रदान गर्दै Land locked Country बाट Land Linked Country बनाई आर्थिक समृद्धिमा महत्त्वपूर्ण टेवा पुऱ्याउने अपेक्षा गरिएको छ। काठमाडौँ र तराई-मधेसलाई करिव १ घण्टा २ मिनेटमा जोड्ने हुँदा सामरिक, आर्थिक तथा सामाजिक दृष्टिकोणले समेत महत्त्वपूर्ण रहेको यस आयोजनाको शिलान्यास तत्कालीन सम्माननीय प्रधानमन्त्रीबाट मिति २०७४ जेठ १४ गते बारा जिल्लाको निजगढमा भई आ.व. २०७३/७४ बाट नेपाली सेनाको जिम्मेवारीअन्तर्गत निर्माण तथा व्यवस्थापनको कार्य सञ्चालन भइरहेको छ। यसअन्तर्गत विभिन्न १३ वटा प्याकेजमा सडक, पुल, सुरुङ तथा आवश्यक भवन र अन्य संरचनाहरू निर्माणको कार्य भइरहेको छ। यसअन्तर्गत बन्ने सडक चार लेनको हुनेछ। यसको खोकना, बुदुने, निजगढमा सवारी प्रवेश तथा बाहिरिनका लागि टोलगेट रहनेछ। साथै, बाराको निजगढ क्षेत्रमा वन्यजन्तुको सहज आवतजावतका लागि Animal Pass को व्यवस्था गरिएको छ।

| | | |
|---|---|---|
| **आयोजनाको लक्ष्य** | : | ७०.९७७ कि.मि. (परिमार्जित DPR बमोजिम) |
| **आयोजना सम्पन्न गर्नुपर्ने मिति** | : | २०८३ चैत्र |
| **प्रस्थान विन्दु** | : | ललितपुरको खोकना |
| **अन्तिम विन्दु** | : | बाराको निजगढ |
| **सुरुङमार्गको सङ्ख्या** | : | ०७ स्थान (कुल लम्बाइ: १०.९९२ कि.मि.) |
| देवीचौर सुरुङ (१ कि. मि), सिसौटार सुरुङ (०.३९ कि. मि), चन्द्राम भिर सुरुङ (२.२५ कि. मि), महादेवडाँडा सुरुङ (३.४५५ कि.मि.), धेद्रे सुरुङ (१.६९१ कि.मि.), लेनडाँडा सुरुङ (१.६२३ कि.मि.), मौरीभिर सुरुङ (०.५८३ कि.मि.) | | |
| **पुलहरूको सङ्ख्या** | : | ८९ स्थान (१२.८८५ कि. मि.) |
| **विश्रामस्थलको सङ्ख्या** | : | २ (बुदुने) (काठमाडौँ-निजगढ तथा निजगढ-काठमाडौँ लेन ) |
| **लागत** | : | रु. २ खर्ब ११ अर्ब ९३ करोड (Contingency, Price Escalation, Physical Contingency र VAT सहित) |

### आ) करिडोर सडक आयोजनाहरू

राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूलाई तोकिएको समयसीमाभित्र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्ने जिम्मेवारी नेपाली सेनाले निर्वाह गर्दै आइरहेको छ । यसका अतिरिक्त राष्ट्रिय महत्त्वका जटिल, ठूला र रणनीतिक महत्त्वका सडक निर्माण, दैवीप्रकोप पीडितहरूको पुनर्वासका लागि आवास निर्माण लगायतका विकास निर्माणका कार्यहरूमा समेत नेपाल सरकारको आवश्यकताअनुसार नेपाली सेना संलग्न हुँदै आएको छ । सोहीअनुरूप राष्ट्रको विभिन्न दुर्गम स्थानको विकास निर्माण कार्यमा अग्रणी भूमिका निर्वाह गर्नका लागि नेपाली सेनाको इन्जिनियरिङ विभागमार्फत नेपाली सेनाले निर्माण गर्ने विकास आयोजनाहरू सञ्चालन भइरहेका छन् । नेपाल सरकारको निर्देशनबमोजिम विकास निर्माण कार्यलाई प्राथमिकता दिई विभिन्न दुर्गम स्थानहरूमा सडकमार्गको निर्माण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यअनुरूप आ.व. २०८१/८२ मा पनि देहायका सडकको ट्र्याक खोल्नेदेखि सडकको चौडाइ फराकिलो बनाउने कार्यहरू भएका छन् ।

| क्र.सं. | करिडोर/सडक आयोजना | निर्माण सुरु मिति | एकाइ | सेनालाई प्राप्त जिम्मेवारी (कुल लम्बाइ) |
|---|---|---|---|---|
| १ | कोशी करिडोर, खाँदबारी-किमाथाङ्का (च्याम्ताङ -घोङ्घप्पा खण्ड) सडक | २०७७/१०/२४ | कि.मि. | १०.५१ |
| २ | कर्णाली करिडोर (लालिबगर-दुल्लिकुना खण्ड) सडक | २०७८/०९/०८ | कि.मि. | ११ |
| | कर्णाली करिडोर (घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) सडक | २०७८/०९/०८ | कि.मि. | ११.०५ |
| ३ | बेनिघाट-आरुघाट-लार्केभन्ज्याङ सडक | २०७३/१०/१२ | कि.मि. | ९२ |
| ४ | महाकाली करिडोर अन्तर्गत दार्चुला-टिङ्कर (तुसारपानी-टिङ्कर खण्ड) सडक | २०७७/१०/२८ | कि.मि. | ७९ |
| | महाकाली करिडोर अन्तर्गत दार्चुला-टिङ्कर (तुसारपानी-टिङ्कर खण्ड) सडक स्तरोन्नति | २०७७/१०/२८ | कि.मि. | |

## १.३. राष्ट्रिय सुरक्षा परिषद्

देशमा बहुदलीय व्यवस्था पुनःस्थापना भएपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलो पटक राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था गरिएको थियो जसमा प्रधानमन्त्री अध्यक्ष रहनुका साथै रक्षामन्त्री र प्रधानसेनापति सदस्य रहने व्यवस्था थियो । मुलुकको समग्र राष्ट्रिय सुरक्षाको अवस्थालाई सम्बोधन गर्न तत्कालीन समयमा राष्ट्रिय सुरक्षा परिषद्को उच्च भूमिकालाई महसुस गरी परिषद्को कार्य सञ्चालनमा सहजता ल्याउन वि.सं. २०५८ फागुन २७ गते राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको स्थापना भएको हो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा समेत राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था रहेको थियो । यसमा प्रधानमन्त्री पदेन अध्यक्ष, रक्षामन्त्री र गृहमन्त्री पदेन सदस्य रहनुका साथै मन्त्रिपरिषद्मा रहेका दलहरूमध्ये फरक फरक दलको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले तोकेका ३ जना मन्त्रीहरू सदस्य रहने प्रावधान रहेको थियो।

वि.सं.२०७२ असोजमा संविधानसभाबाट जारी नेपालको संविधानको भाग २८ धारा २६६ मा नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) लाई सिफारिस गर्ने कार्यादेशका साथ राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था भएको छ।

राष्ट्रको आन्तरिक सुरक्षा, प्रतिरक्षा चुनौती एवम् सोसम्बन्धी नीतिहरूलाई उच्च महत्त्व र प्राथमिकतामा राखी संविधानमा उल्लेख भएअनुरूप समसामयिक परिस्थितिलाई समेत मूल्याङ्कन गर्दै राष्ट्रको शान्ति सुरक्षासँग सम्बन्धित समस्या तथा चुनौतीहरूका साथै राष्ट्रिय सुरक्षा नीति र राष्ट्रिय सुरक्षाका दृष्टिले महत्त्वपूर्ण र संवेदनशील विषयहरूको गहन अध्ययन, अनुसन्धान गरी राष्ट्रिय सुरक्षा परिषद्लाई आवश्यक राय सुझाव तथा सुरक्षा विश्लेषण प्रतिवेदन तयार गर्नका साथै दैनिक प्रशासनिक कार्य सम्पादनमा सहयोग पुऱ्याउन राष्ट्रिय सुरक्षा परिषद्को छुट्टै सचिवालय स्थापना भई कार्य सम्पादन हुँदै आएको छ।

नेपालको संविधानअनुसार राष्ट्रिय सुरक्षा परिषद्मा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहने प्रावधान छः-

| | | |
|---|---|---|
| (क) प्रधानमन्त्री | - | अध्यक्ष |
| (ख) नेपाल सरकारको रक्षा मन्त्री | - | सदस्य |
| (ग) नेपाल सरकारको गृहमन्त्री | - | सदस्य |
| (घ) नेपाल सरकारको परराष्ट्रमन्त्री | - | सदस्य |
| (ङ) नेपाल सरकारको अर्थमन्त्री | - | सदस्य |
| (च) नेपाल सरकारको मुख्य सचिव | - | सदस्य |
| (छ) प्रधान सेनापति, नेपाली सेना | - | सदस्य |

रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सदस्य-सचिव भई काम गर्ने र राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने तथा राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने संवैधानिक व्यवस्था छ। राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने कुरा संविधानमा उल्लेख गरिएको छ।

### १.३.१. कार्यक्षेत्र

(क) नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न राष्ट्रिय सुरक्षा परिषद्लाई आवश्यक सहयोग गर्ने,

(ख) आवश्यकताअनुसार आन्तरिक र बाह्य खतराको मूल्याङ्कन गर्ने,

(ग) राष्ट्रिय सुरक्षा र प्रतिरक्षाका सम्बन्धमा अनुसन्धानात्मक कार्यपत्रहरू तयार गर्ने,

(घ) राष्ट्रिय सुरक्षा परिषद्को कामलाई सहजीकरण गर्ने,

(ङ) राष्ट्रिय सुरक्षा परिषद्का निर्णयहरूलाई कार्यान्वयन गराउने,


(च) विभिन्न मन्त्रालय, सुरक्षा निकाय र अन्य निकायहरूसँग सुरक्षा र प्रतिरक्षासम्बन्धी विषयहरूमा समन्वय गर्ने,

(छ) आवश्यकताअनुसार विशेषज्ञहरूको कार्यदल गठन गरी सुरक्षा सम्बन्धी योजना तयार गर्ने,

(ज) सुरक्षा, प्रतिरक्षाका साथै राष्ट्रिय महत्त्वका विषयहरूमा गोष्ठी (सेमिनार), अन्तर्क्रिया सञ्चालन गर्ने,

(झ) दैनिक र साप्ताहिक रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय मामिलाका विभिन्न राजनीतिक, रणनीतिक र सुरक्षा सम्बन्धी विश्लेषण तयार गरी परिषद्का अध्यक्ष, सदस्यहरू तथा सबै सुरक्षा निकायका प्रमुख समक्ष पठाउने।

### १.३.२. सङ्गठन संरचना



# परिच्छेद २: आ.व. २०८१/८२ को प्रगति

## २.१.वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य

### क) आर्थिक वर्ष २०८१/८२ मा रक्षा मन्त्रालयसम्बद्ध नीति तथा कार्यक्रम

| बुँदा नं. | नीति तथा कार्यक्रम |
|---|---|
| ९६ | पूर्वपश्चिम राजमार्ग, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्गको निर्माण तथा स्तरोन्नति कार्यलाई तीव्रता दिइनेछ। मध्यपहाडी लोक मार्गलाई समृद्धि कोरिडोरका रूपमा विकास गर्न विद्युत्, सञ्चार, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका पूर्वाधार विकास गरी उत्पादन, उत्पादकत्व, उद्यमशीलता र रोजगारी सिर्जना गरिनेछ । कोशी, कालीगण्डकी र कर्णाली कोरिडोरको अधिकांश खण्डमा बाह्रै महिना यातायात सञ्चालन हुने गरी निर्माण कार्यलाई तीव्रता दिइनेछ। |
| ९७ | रणनीतिक महत्त्वका सेती लोकमार्ग तथा महाकाली कोरिडोरका ट्र्याक तथा संरचना निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। तमोर करिडोर, भेरी करिडोर, सालझण्डी-ढोरपाटन सडक, सहिदमार्ग तथा कान्ति राजमार्गको निर्माण र स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ। गल्छी- रसुवागढी सडक स्तरोन्नति कार्यलाई तीव्रता दिइनेछ। नागढुङ्गा-नौबिसे–मुग्लिङ सडक खण्डलाई डेडिकेटेड दुई लेनमा र मुग्लिङ - पोखरा सडक खण्डलाई चार लेनमा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। |
| ९८ | यातायात खर्च न्यून गर्न र ट्राफिक चाप घटाउन सुरुङमार्ग, द्रुतमार्ग, फ्लाइओभर, अन्डरपास र ओभरपास जस्ता आधुनिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ। काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक निर्माण संवत् २०८३ भित्र सम्पन्न गरिनेछ । आगामी आर्थिक वर्षभित्र नागढुङ्गा सुरुङमार्ग र ग्वार्को ओभरपास सञ्चालनमा ल्याइनेछ । काठमाडौँको चक्रपथ विस्तार गर्दा अत्यधिक सवारी चाप भएका सडकखण्डमा अन्डरपास र ओभरपास निर्माण गरिनेछ। |
| १८६ | राष्ट्रिय सुरक्षा नीति एवम् कार्ययोजनाका आधारमा राष्ट्रिय सुरक्षा प्रणाली सुदृढ गरिनेछ । नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता एवम् राष्ट्रिय हित र स्वार्थ रक्षाका लागि नेपाली सेनालगायत सबै सुरक्षा निकायको क्षमता अभिवृद्धि गरिनेछ। |
| १८७ | नेपाली सेनाको बङ्करदेखि ब्यारेक कार्यक्रम तथा भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनःनिर्माण कार्यलाई निरन्तरता दिइनेछ । नेपाल एकीकरणसँग जोडिएका |

| बुँदा नं. | नीति तथा कार्यक्रम |
|---|---|
| | ऐतिहासिक र पुरातात्त्विक महत्त्वका संरचना र पदमार्गको खोज, पहिचान, संरक्षण र संवर्धन गरिनेछ। राष्ट्रिय हितप्रति समर्पित, अनुशासित र बफादार युवा जनशक्ति तयार गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गरी राष्ट्रिय सेवा दलसम्बन्धी कार्यक्रमलाई क्रमशः स्थानीय तहसम्म बिस्तार गरिनेछ। |
| १८८ | राष्ट्रका लागि आवश्यक सुरक्षा तथा प्रतिरक्षा सामग्री, अत्यावश्यक गोलीगठ्ठा, बिस्फोटक पदार्थ, लत्ताकपडा लगायत अन्य सैन्य सामग्री उत्पादनमा आत्मनिर्भरता हासिल गर्दै जाने नीति लिइनेछ। |
| १८९ | मुलुकको सुरक्षा, प्रतिरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा साझा बुझाइ र समान धारणाको विकास गर्दै यी विषयहरूमा उच्चस्तरीय अध्ययन, अनुसन्धान र प्राज्ञिक विमर्शलाई प्रवर्धन गर्न राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय यथाशीघ्र सञ्चालनमा ल्याइनेछ। |
| १९० | संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वशान्ति स्थापना कार्यमा नेपालको सहभागितालाई थप प्रभावकारी बनाउँदै शान्ति स्थापना कार्यको नेतृत्वतहमा नेपालको उल्लेखनीय प्रतिनिधित्व बढाउन कूटनीतिक पहल गरिनेछ। |
| १९५ | प्राकृतिक विपद्बाट हुने प्रत्यक्ष आर्थिक तथा सामाजिक क्षति कम गर्न जोखिम न्यूनीकरण कार्यलाई क्षेत्रगत मूलप्रवाहीकरण गरिनेछ। विपद् प्रतिकार्यमा परिचालन हुने संयन्त्र तथा उपकरणको प्राविधिक क्षमता सुदृढ गर्दै एकीकृत आपत्कालिन उद्धार एवम् प्रतिकार्य प्रणालीको व्यवस्था मिलाइनेछ। आगलागी, डढेलो, बाढी पहिरो नियन्त्रण लगायतका विपद् व्यवस्थापनमा नागरिकको क्षमता र सहभागिता वृद्धि गरिनेछ। विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न हेलिकप्टर, दमकल लगायतका आधुनिक उपकरणको व्यवस्था र उपयोग गर्ने प्रबन्ध मिलाइनेछ। |

**ख) आव २०८१/८२ मा रक्षा मन्त्रालयसम्बद्ध बजेट वक्तव्य**


| बुँदा नं. | विषय |
|---|---|
| २१९ | काठमाडौँ-तराई मधेस द्रुतमार्ग सडक आयोजनाअन्तर्गत निर्माणाधीन महादेवटार, धेद्रे र लेनडाँडा सुरुङमार्ग निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। ५७ पुलको निर्माण कार्यलाई तीव्रता दिइनेछ। काठमाडौँ-तराई मधेस द्रुतमार्ग आयोजनाका लागि आवश्यक बजेट विनियोजन भएको छ। |
| २२१ | कोशी, कालीगण्डकी र कर्णाली करिडोरको निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाइनेछ |

| बुँदा नं. | विषय |
|---|---|
| | । कालीगण्डकी करिडोरको गैँडाकोट-राम्दी- मालढुङ्गा खण्ड र मालढुङ्गा-बेनी-जोमसोम-कोरोला खण्ड गरी थप ५० किलोमिटर र कोशी करिडोरको थप ३० किलोमिटर सडक कालोपत्रे गरिनेछ। कर्णाली करिडोरका ५ वटा पुलहरू निर्माण र ५० किलोमिटर सडक स्तरोन्नति गरिनेछ। उत्तर-दक्षिण करिडोरका लागि आवश्यक बजेट विनियोजन भएको छ। |
| २५५ | देशको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकतालाई अक्षुण्ण राख्न राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। |
| २५६ | नेपाली सेनालाई प्रविधियुक्त, दक्ष एवम् व्यावसायिक बनाइनेछ। बङ्करदेखि ब्यारेकसम्म कार्यक्रमलाई आवश्यक बजेट विनियोजन भएको छ। राष्ट्रिय सेवा दल तालिमलाई स्थानीयस्तरसम्म विस्तार गरिनेछ। |

## २.२. आ.व. २०८१/८२ को बजेट विनियोजन र खर्चको स्थिति


### क) आ.व २०८१/८२ मा रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूलाई विनियोजित बजेट र खर्चको स्थितिः-

| क्र.स. | निकाय | बजेट (रू.०००) | | | खर्च (रु.०००) | | | खर्च प्रतिशत (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | रक्षा मन्त्रालय | १०,३१,१९ | ५६,०० | १०,८७,१९ | ८४८३९ | २७३१ | ८७५७० | ८२.२७ | ४८.७७ | ८०.५५ |
| २ | राष्ट्रिय सुरक्षा परिषद् | ४,९४,७० | ५३,०० | ५,४७,७० | ३९१९१ | ३०५२ | ४२२४३ | ७९.२२ | ५७.५८ | ७७.१३ |
| ३ | जङ्गी अड्डा | ५१११८८१८ | ४६२३१३५ | ५५७४१९५३ | ५१०९७८२४ | ३१०७१९७ | ५४२०५०२१ | ९९.९६ | ६७.२१ | ९७.२४ |
| ४ | सैनिक हवाई महा-निर्देशनालय | ६२६९२२ | १०३०१३३ | १६५७०५५ | ५९८८५८ | २४२०५१ | ८४०९०९ | ९५.५२ | २३.५ | ५०.७५ |
| ५ | वीरेन्द्र अस्पताल | २१६८६१६ | २४३२११ | २४११८२७ | २१६६५०६ | १५९४११ | २३२५९१७ | ९९.९ | ६५.५४ | ९६.४४ |
| ६ | सैनिक कमान्ड तथा स्टाफ कलेज | १३७३०१ | ३०१५३ | १६७४५४ | १३६९४२ | २९९३९ | १६६८८१ | ९९.७४ | ९९.२९ | ९९.६६ |
| ७ | राष्ट्रिय सेवा दल | ५१३३८१ | ११,०० | ५१४४८१ | ५१२९७५ | ९८९ | ५१३९६४ | ९९.९२ | ८९.९१ | ९९.९ |
| ८ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा निर्देशनालय | २६७१५३ | ४९,०० | २७२०५३ | २६७०९४ | ३२९६ | २७०३९० | ९९.९८ | ६७.२७ | ९९.३९ |
| **कुल जम्मा** | | **५४९८४७८०** | **५९४३५३२** | **६०९२८३१२** | **५४९०४२२९** | **३५४८६६६** | **५८४५२८९५** | **९९.८५** | **५९.७१** | **९५.९४** |




**ख) आ.व २०८१/८२ मा रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूलाई अन्य निकायबाट अख्तियारीप्राप्त बजेटको विनियोजन र खर्चको स्थिति:-**

| क्र.स. | निकाय | बजेट (रू.०००) | | | खर्च (रू.०००) | | | खर्च प्रतिशत (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | काठमाडौं-तराई/मधेस द्रुतमार्ग (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट) | ६८९४० | १५२३४३०० | १५३०३२४० | ६४२९६ | १३३९३६३१ | १३४५७९२७ | ९३.२६ | ८७.९२ | ८७.९४ |
| २ | राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु आरक्ष निर्देशनालय (वन तथा वातावरण मन्त्रालयको बजेट) | ४४०३०८० | ५०१५० | ४४५३२३० | ४३८६५०३ | ४७४०१ | ४४३३९०४ | ९९.६२ | ९४.५२ | ९९.५६ |
| ३ | सैनिक सामग्री उत्पादन निर्देशनालय (उद्योग मन्त्रालयको बजेट) | १२५०२५ | १६०१०० | २८५१२५ | १०२३५५ | १४२३६० | २४४७१५ | ८१.८७ | ८८.९२ | ८५.८३ |
| ४ | विभिन्न ४ सडक करिडोरहरू निर्माण (कोशी करिडोर खाँदबारी-किमाथाङ्का, बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ, कर्णाली करिडोर, र दार्चुला टिङ्कर) (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट) | १२५७० | ४२३२७५ | ४३५८४५ | १२३७१ | ४०९७८९ | ४२२१६० | ९८.४२ | ९६.८१ | ९६.८६ |
| ५ | राष्ट्रिय चुरे संरक्षण कार्यक्रम (वन तथा वातावरण मन्त्रालयको बजेट) | - | ५०१०० | ५०१०० | - | ४९३०४ | ४९३०४ | - | ९८.४२ | ९८.४२ |
| ६ | इन्जिनियर विभाग अपरेशन महाकाली संरक्षण (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट) | - | २००००० | २००००० | - | १९९९९८.०५ | १९९९९८.०५ | - | ९९.९९ | ९९.९९ |
| | जम्मा | ४६०९६१५ | १५९१७९२५ | २०५२७५४० | ४५६५५२५ | १४०४२४८५ | १८६०८०१० | ९९.०४ | ८८.२२ | ९०.६५ |




## २.३. रक्षा मन्त्रालय

### २.३.१ महाशाखागत प्रगति

#### १. प्रशासन महाशाखा

**क. कर्मचारी प्रशासन शाखा**

- व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ बमोजिम यस मन्त्रालयको व्यवस्थापन स्वमूल्याङ्कन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदन गरिएको,
- नेपाली सेना, भर्ना छनौट तथा कार्यक्रममा खटिने कर्मचारीहरूका लागि अभिमुखीकरण तथा अन्तरक्रिया गरिएको,
- संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापनार्थ कङ्गोमा खटिएका नेपाली सैनिकहरूको स्वास्थ्य सुरक्षा, कार्यवातावरण, सैनिकहरूको उत्प्रेरणा, मनोबल लगायतका अवस्थाका सम्बन्धमा सहायक रथी श्री राजेन्द्रमणि गिरीको संयोजकत्वमा मन्त्रालयका प्रतिनिधिसहितको टोलीद्वारा स्थलगत निरीक्षण गरी सुधारात्मक सुझाबहरूसहितको प्रतिवेदन पेस गरिएको,
- निजामती तर्फ ०८ जना कर्मचारीहरूको नियुक्ति/पदस्थापना र १७ जनालाई रमाना गरिएको साथै नेपाली सेनातर्फ विभिन्न पदमा ९९ जनाको बढुवा, १०३ जनाको राजीनामा स्वीकृत गरिएको।
- निजामती सेवा दिवस २०८१ को अवसरमा शाखा अधिकृत श्री रीता रेग्मी (तिवारी) लाई उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गरिएको।

**ख. शासकीय सुधार तथा मानव संशाधन विकास शाखा**

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको शासकीय सुधार कार्यान्वयन समितिलाई आवश्यक सूचना र पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले रक्षा मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा मिति २०८२/२/१४ गते शासकीय सुधार एकाइ गठन गरिएको,
- विभिन्न ४९ जना कर्मचारीहरूलाई तालिम, सेमिनार, अवलोकन भ्रमणका लागि वैदेशिक मनोनयन गरिएको साथै नेपाली सेनाका प्राविधिक जनशक्तिसहित ८३६ सकलदर्जाको क्षमता विकासका लागि स्वदेश तथा विदेशमा आयोजना भएका तथा विभिन्न कोर्सहरूमा सहभागी हुन मनोनयन स्वीकृत गरिएको,
- कर्मचारी क्षमता विकासअन्तर्गत १८ जना कर्मचारीहरूलाई ड्राइभिङ (हलुका सवारी साधन ) प्रशिक्षण गराइएको, पेसागत व्यावसायिकताका लागि अधिकृतस्तरका कर्मचारीहरूलाई दुई दिने प्रशासनिक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको साथै; कर्मचारीहरूको तनाब व्यवस्थापन, मनोबल र उत्प्रेरणा अभिवृद्धि गरी कार्यसम्पादनस्तर सुधार गर्न आध्यात्मिक ज्ञान, योग, ध्यान जस्ता उत्प्रेरणात्मक कार्यक्रम सम्पन्न गरिएका,
- रक्षा मन्त्रालयमा कार्यरत कर्मचारीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यलाई ध्यानमा राख्दै कार्यालय समयमा आकस्मिक अवस्थामा अस्वस्थ महसुस भएमा आराम गर्न तथा प्राथमिक स्वास्थ्य उपचार, सेवाग्राही वा कर्मचारीले स्तनपान कक्षका रूपमा तथा आवश्यकतानुसार योग, ध्यान कक्षका रूपमा समेत उपयोग गर्न सकिने गरी आरामकक्ष स्थापना (First Aid, Sanitary Pad को व्यवस्था सहित) गरिएको । हाल उक्त कक्षको व्यवस्थापन आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखाले गरिरहेको,
- रक्षा मन्त्रालय र नेपाली सेनाबिचको कार्यात्मक सम्बन्धलाई थप सुमधुर र प्रगाढ बनाई कार्यवातावरणलाई अझ सहज बनाउने उद्देश्यले नेपाली सेनाका विभागीय प्रमुखहरूसँग एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

**२. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा**

**क. योजना तथा सैनिक कल्याण शाखा**

- राष्ट्रिय सुरक्षा परिषद्को वैठक सञ्चालन कार्यविधि २०८१ तर्जुमा गरिएको
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा सम्बन्धित निकायको क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम निर्माण गरी कार्यान्वयनका लागि मन्त्रालयका शाखाहरू,नेपाली सेना जङ्गी अड्डालाई सहजीकरण गरिएको,
- मासिक रूपमा कोशेढुङ्गा (माइलस्टोन) प्रगति र मासिक सूचकका आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको,
- सम्माननीय प्रधानमन्त्री र माननीय रक्षामन्त्रीबिच मिति २०८१ भाद्र २७ गते र माननीय रक्षामन्त्री र रक्षा सचिवबिच मिति २०८१ असोज ६ गते भएको कार्यसम्पादन सम्झौताको व्यवस्थापन तथा निर्दिष्ट उपलब्धी हासिल गर्ने कार्यमा सहजीकरण गरिएको । साथै

सम्माननीय प्रधानमन्त्री र माननीय रक्षामन्त्रीबिच भएको कार्यसम्पादन सम्झौताअनुसारको वार्षिक प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,

- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० ले व्यवस्था गरेबमोजिम आ.व. २०८१/८२ मा चार पटक मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक बसी रक्षा मन्त्रालयअन्तर्गत कार्यान्वयन भइरहेका विकास आयोजनाहरूको प्रगति समीक्षा एवम् आयोजना कार्यान्वयनमा रहेका समस्याउपर छलफल गरिएको,
- राष्ट्रिय सुरक्षा नीति,२०७५ एवम् कार्यान्वयन योजना २०७७ तथा राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ को कार्यान्वयन गर्न सहजीकरण गरिएको,
- काठमाण्डौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाअन्तर्गत कार्य गर्ने गरी आउने कुल ३८० जना विदेशी नागरिकहरूलाई विदेशी नागरिक नियमानुसार कार्यसहमति प्रदानका लागि सिफारिस गरिएको, कुल ३८५ जनालाई भिसा सिफारिस गरिएको र कुल ३८० जना विदेशी कामदारहरूलाई श्रम इजाजतका लागि सिफारिस गरिएको।
- नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको काठमाण्डौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको २०८२ असार मसान्तसम्म ४१.३७% भौतिक प्रगति र ४२.७४% वित्तीय प्रगति हासिल गर्ने कार्यमा नीतिगत समन्वय र सहकार्य गरिएको,
- काठमाण्डौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको कुल ७ (सात) वटा सुरुङहरूमध्ये २०८२ असार मसान्तसम्म प्याकेज नं. २ अन्तर्गत मकवानपुरको बकैया गाउँपालिका र गढी गाउँपालिकामा निर्माणाधीन धेद्रे तथा लेनडाँडा सुरुङहरूको Breakthrough सम्पन्न भएको छ। कुल ८९ पुलहरूमध्ये ८५ स्थानका पुलहरू निर्माणका लागि खरिद सम्झौता सम्पन्न भएकामा हालसम्म ५ वटा पुलहरूको निर्माण कार्य सम्पन्न गर्नमा सहजीकरण गरिएको,
- नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको काठमाण्डौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाअन्तर्गत राष्ट्रिय एवम् सामुदायिक वनको जग्गा उपयोगका लागि IEE, EIA स्वीकृत गर्न/गराउन, रुखकटान अनुमतिका लागि सहजीकरण तथा आयोजनाअन्तर्गत सार्वजनिक जग्गामा सर्वसाधारणद्वारा गरिएका भौतिक संरचनाहरूको राहत र नम्बरी जग्गा अधिग्रहणका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा सिफारिस गरिएको,
- काठमाण्डौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाबाट प्रस्ताव भएर आएबमोजिम प्याकेज नं. ४ अन्तर्गत मौरीभिरमा Design र Alignment परिवर्तनका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्मा सिफारिस गरिएको,
- कर्णाली करिडोर (लालीबगर-दुलिकुन्ना र घाटपाटीचौर-बद्रिगाउँ-भुक्काखोला खण्ड) अन्तर्गत थप २.५ कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भई कुल १६ कि.मि. नयाँ ट्रयाक निर्माण भएको, हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटलाई राष्ट्रिय राजमार्गसँग जोड्ने उद्देश्यले नेपाली सेनाको व्यवस्थापनमा बोक्चेगौडा, भिरगौडा र याङ्चुगौडामा गरी जम्मा

८०० मिटर लम्बाइको सडक निर्माण तथा खार्पुनाथस्थित चुवाखोला नदीमा बेलिब्रिज निर्माणमा सहजीकरण गरिएको,

- कोशी करिडोरअन्तर्गत (च्याम्ताङ-घोङ्घप्पा खण्ड) ०२ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल १०.५१ कि.मि. नयाँ ट्र्याक खोल्ने काम पूरा भएको त्यस्तै; महाकाली करिडोर अन्तर्गत दार्चुला-टिङ्कर (तुसारपानी-टिङ्कर खण्ड) मा ४.१ किलोमिटर नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल १७.५ कि.मि. नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न भएको, बेनीघाट-आरुघाट लार्के भन्ज्याङ सडक आयोजनाअन्तर्गत २ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न गर्ने कार्य भई कुल ४० कि.मि. सडकको ट्र्याक खोल्ने कार्यको सहजीकरण गरिएको।
- महाकाली नदी नियन्त्रण कार्यक्रमअन्तर्गत नेपाली सेनाबाट महाकाली पुल नजिकै नदीको बिच भागमा थुप्रिएको नदीजन्य पदार्थ उचित स्थानमा व्यवस्थापन (Channelization) गर्ने कार्यमा सहजीकरण गरिएको।


**ख. शान्ति सेना समन्वय तथा अन्तराष्ट्रिय सम्वन्ध शाखा**

- नेपाली सेना र अमेरिकी सेनाबिच सैनिक सहयोग आदानप्रदान कार्यलाई व्यवस्थित गर्न अमेरिकाको Honolulu, Hawaii मा मिति २०८१/०५/१९ गतेबाट ऐ.२१ गतेसम्म पाँचौं संस्करणको Land Force Talk (LFT) बैठक सम्पन्न भएको। नेपाली सेनाका उपरथी कृष्णदेव भट्टको नेतृत्वमा रक्षा तथा पराराष्ट्र मन्त्रालयका प्रतिनिधि-१/१ (एक/एक) जनासहितको १३ सदस्यीय टोली सहभागी भएको।
- मित्रराष्ट्र भारतमा राष्ट्रिय सुरक्षा र सम्बन्धित भूराजनीतिक विषयवस्तुका बारेमा मिति २०८१/०६/०७ गतेदेखि १९ गते (तदनुसार २३ सेप्टेम्बर देखि ५ अक्टोबर २०२४) सम्म भारतमा नेपाली सेनाका उपरथी अनुपजंग थापाको नेतृत्वमा रक्षा मन्त्रालयका सहसचिवसहितको भ्रमणदल सहभागी भएको।
- मिति २०८१/०७/०८ गते (तदनुसार २४ अक्टोबर २०२४) जङ्गी अड्डा (सैनिक मुख्यालय) मा संयुक्त राष्ट्रसङ्घ दिवस (United Nations Day) का अवसरमा एकदिवसीय विशेष कार्यक्रम सञ्चालन भएको,
- UN Peacekeeping Ministerial-2025 : Germany को Berlin मा मिति २०८२ वैशाख ३० गतेदेखि ऐ. ३१ गतेसम्म (तदनुसार १३-१४ मे २०२५) UN Peacekeeping Ministerial-2025 मा माननीय रक्षामन्त्री मानवीर राईज्यूको नेतृत्वमा संयुक्त राष्ट्र सङ्घका लागि स्थायी प्रतिनिधि, जर्मनीका लागि नेपालका राजदूत, रक्षा, परराष्ट्र मन्त्रालय एवम् नेपाली सेनाका प्रतिनिधिहरू सम्मिलित ९ (नौ) सदस्यीय प्रतिनिधिमण्डल सहभागी भएको।
- उक्त UN Peacekeeping Ministerial-2025 को पूर्वतयारी स्वरूप Montevideo, Indonesia को Sentul Bogor र Pakistan को Islamabad मा क्रमशः पहिलो, दोस्रो र तेस्रो Prepatory  Meeting सञ्चालन भएको।

- Ministerial Meeting को पूर्वतयारी स्वरूप मिति २०८१ मङ्सिर २८ र २९ गतेसम्म (तदनुसार १०-११ डिसेम्बर २०२४ Uruguay को Montevideo मा सञ्चालन भएको। उक्त कार्यक्रममा रक्षा मन्त्रालयबाट सहसचिवस्तरको प्रतिनिधित्व रहेको,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायतको सहभागितामा मिति २०८१ मङ्सिर १४ देखि १५ गतेसम्म (२ दिन) भक्तपुर, नगरकोटमा Peace Keeping सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,
- नेपाल-भारत द्विपक्षीय परामर्श समूह (Nepal-India Bilateral Consultative Group on Security Issues-BCGSI) को सोहौँ बैठक भारतको पुणेमा २०८२ असार ९ र १० (तदनुसार २३ र २४ जुन, २०२५) गते आयोजना भएको।

### ग. सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा

- सुरक्षा जर्नल (वर्ष ५, अङ्क१, २०८१) प्रकाशन गरिएको,




- आ.व. २०८१/८२ मा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सूचनाको हक सम्बन्धी प्रत्येक ३/३ महिनाको कार्यप्रगति विवरण Website मार्फत सार्वजनिक गरिएको,
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ बमोजिम सागर जोशी, काठमाण्डौं २१ सहित विभिन्न ९ (नौ) जना व्यक्तिहरूले मागेका सूचनाहरू समयमा नै उपलब्ध गराइएको,
- नेपाली सेना र अमेरिकी सेनाबिच हुने संयुक्त अभ्यास (Balance Nail 25-1210, Teak Nail 25-9010) का लागि आवश्यक सहजीकरण गरिएको,
- सङ्घीय संसद्मा यस मन्त्रालय र अन्तर्गतका निकायसँग उठान भएका विषयहरू टिपोट गरी सम्बन्धित विषयमा जवाफ तयार गरी मन्त्रालयमा पेस गर्ने गरिएको,
- सूचना प्रविधि विभागबाट प्राप्त भएको Government Integrated Website Management System (GIWMS) को Template मा आधारित नयाँ Website तयार गरी सञ्चालनमा ल्याइएको,
- २०८१ असोजमा भएको अविरल वर्षाका कारण विभिन्न राजमार्ग, पुललगायतका महत्त्वपूर्ण भौतिक पूर्वाधारहरूमा भएको क्षतिका कारण जनजीवन प्रभावित भएको हुँदा

नेपाली सेनाद्वारा १ (एक) स्थानमा बेलिब्रिज जडान कार्यमा ढुवानी तथा जडान गर्नका लागि आवश्यक सहजीकरण गरिएको।

## ३. कानुन महाशाखा

### क. कानुन तथा फैसला कार्यान्वयन शाखा

- राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरी राय/सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको,
  -राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको ३८ औँ बैठकबाट निर्णय भएअनुसार **राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न बनेको विधेयक** राय/सहमतिका लागि अर्थ मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाइएको,
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (पाँचौँ संशोधन) आदेश नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेको,
- काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाका लागि मुआब्जामा लाग्ने "पुँजीगत लाभकर छुट" सम्बन्धी सूचना मिति २०८१/५/२५ मा नेपाल राजपत्रमा प्रकाशन भएको,
- राष्ट्रिय सुरक्षा परिषद्को राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्ति, सेवा, शर्त तथा सुविधा सम्बन्धी निर्देशिका, २०८० खारेज भई सोको सूचना मिति २०८१/०४/२२ को नेपाल राजपत्रमा प्रकाशन भएको,
- अदालतमा लिखित जवाफ पठाएकोः महान्याधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतमा ०२ थान, उच्च सरकारी वकिल कार्यालयमार्फत उच्च अदालत पाटनमा ०२ थान तथा विभिन्न ९० विषयहरूमा कानुनी राय/परामर्श उपलब्ध गराइएको।

### ख. मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा

- नागरिक-सेना सम्बन्ध प्रवर्धन कार्यक्रमअन्तर्गत २०८१ फागुन २० गते पश्चिम पृतना हेड्क्वाटर, पोखरा कास्की र २०८२ वैशाख ५ गते पूर्वी पृतना हेडक्वाटर इटहरी, सुनसरीमा आयोजित उक्त कार्यक्रमबाट नेपाली सेनाका ६५ जना सैनिक अधिकृतहरू लाभान्वित भएका,
- नेपाली सेनासँग सम्बद्ध गुनासाहरू फछ्यौंट: अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ०७ वटा, हेलो सरकार पोर्टलबाट प्राप्त २६ गुनासाहरूमध्ये १० वटा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय मानवअधिकार लगायतका निकायबाट प्राप्त ३० वटामध्ये १८ वटा गुनासाहरू फछ्यौंट गरिएका,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्राप्त राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ५१ वटा सिफारिसहरू(नेपाली सेना सम्बद्ध) मध्ये २५ सिफारिस कार्यान्वयन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराइएको।

## ४. व्यवस्थापन महाशाखा

### क. खरिद व्यवस्थापन शाखा

- नेपाली सेनालाई आ.व. २०८१/८२ का लागि आवश्यक पर्ने विभिन्न सैनिक सामग्री खरिद गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१/८/११ गते नीतिगत स्वीकृति प्रदान गरिएको,
- नेपाली सेनाबाट पैठारी गरिएका सैनिक सामग्रीहरूको आर्थिक ऐन, २०८१ बमोजिम भन्सार महसुल छुटका लागि सम्बन्धित भन्सार कार्यालयलाई ८१ वटा/ पटक सिफारिस गरिएको,
- ७९ वटा जलविद्युत्, १८ वटा सडक, ६ वटा उद्योग लगायतका विभिन्न विकास आयोजनाका लागि आवश्यक पर्ने विष्फोटक पदार्थहरूको खरिद/आयात/ढुवानी/भण्डारण/व्यवस्थापनका लागि गृह मन्त्रालयमा १०३ वटा पत्रमार्फत राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै विस्फोटक पदार्थको सहज आपूर्तिका लागि सहजीकरण गरिएको।

### ख. आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा

- नेपाली सेनाको लागि दैलेख जिल्ला, दुल्लुस्थित नेपाली सेना कालिदत्त गुल्मले साबिकदेखि प्रयोग गर्दै आएको कि.नं. ४९ समेतका ५८ कित्तामध्ये जम्मा क्षेत्रफल ३३०६८ वर्ग मिटर (६५-०-०-० रोपनी) जग्गा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम प्राप्त गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०१/०२ को बैठकबाट स्वीकृति प्रदान भएकामा सम्बन्धित गुल्मका गुल्मपतिलाई प्रारम्भिक कारबाही चलाउनका लागि लेखिपठाइएको,
- मन्त्रालयमा सेनिटरी प्याडसहितको आराम कक्षको व्यवस्थापन गरिएको,
- रक्षा, प्रतिरक्षा, भूराजनीति, प्रशासनसँग सम्बन्धित तथा अन्य आख्यान र गैरआख्यान पुस्तकहरू खरिद गरी पुस्तकालयमा पुस्तकहरू अद्यावधिक गरिएको,
- बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा र सोलुखुम्बु जिल्लाको सल्लेरीमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,
- विशिष्ट व्यक्तित्व (VIP) हरूलाई शान्ति सुरक्षा लगायतका आवश्यक व्यवस्था गर्ने सम्बन्धमा नेपाली सेनासँग समन्वय गरी ८१ वटा/पटक हेलिकप्टर उडानका लागि सहजीकरण गरिएको,
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट ड्रोन उडानका लागि सहमति माग भएकामा नेपाली सेनाबाट प्राप्त रायसमेतका आधारमा आवश्यक शर्तसहित ४० वटा ड्रोन उडानका लागि सहमति प्रदान गरिएको,
- विभिन्न जिल्लाबाट प्रसूति, घाइते तथा अन्य विरामीको नेपाली सेनाको हेलिकप्टरमार्फत १५२ वटा/पटक तथा विभिन्न प्राकृतिक प्रकोपका कारणले जोखिममा परेका

नागरिकहरूको तत्काल उद्धार गर्न ८१ वटा/पटक नेपाली सेनाको हेलिकप्टर उडानका लागि सहजीकरण गरिएको,


- पर्यटकीय गन्तव्य एभरेस्ट क्षेत्रमा पदयात्रामा जाने तथा फर्किने क्रममा रामेछाप एयरपोट, मन्थलीमा १००० जना भन्दा बढी पदयात्रीहरू अलपत्र परेको सन्दर्भमा नेपाली सेनाको जहाजद्वारा मन्थली-लुक्ला-मन्थलीसम्म उद्धार उडानका लागि सहजीकरण गरिएको ।

### ग. आर्थिक प्रशासन शाखा

- आ.व. ०८०/८१ सम्म कायम भएको बेरुजु ६१.३% फछर्यौट गरिएको,
- आ.व. ०८०/८१ चालु खर्च ८२.२७ % र पुँजीगत खर्च ४८.७७% भएको ।

## २.३.२. माइलस्टोन बमोजिमको प्रगति

**आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तथा बजेट कार्यान्वयन माइलस्टोनको प्रगतिको स्थिति**




## २.३.३. कार्यसम्पादन सम्झौताबमोजिमको प्रगति

प्रधानमन्त्री र रक्षामन्त्रीबिच भएको आ.व. २०८१/८२ को कार्यसम्पादन सम्झौताबमोजिमको प्रगति देहायबमोजिम रहेको छ :-

## १. हासिल गर्नुपर्ने नतिजा सूचक

| क्र.सं. | नतिजा सूचक | भार | एकाइ | आ.व. २०८०/०८१ को स्थिति | आ.व. २०८१/०८२ को लक्ष्य | आ.व. २०८१/०८२ अपेक्षित उपलब्धि (समष्टिगत) | २०८२ असार मसान्तसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|
| १. | काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | २० | प्रतिशत | ३५.३८ | १५ | ५०.३८% | ४२.१३ % |
| २. | कर्णाली करिडोर (लालिबगर-दुल्लिकुन्ना र घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | १० | कि.मी. | १३.५ | २.५ | १६ कि.मि. | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| ३. | कोशी करिडोर (च्यामताङ-घोङ्घप्पा खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | १० | कि.मी. | ८.५ | २.०१ | १०.५१ कि.मि. | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| ४. | महाकाली करिडोर दार्चुला-टिङ्कर (तुसारपानी-टिङ्कर खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | १० | कि.मी. | १३.४ | १.८ | १५.२ कि.मि. | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| ५. | बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | १० | कि.मी. | ३८ | २ | ४० कि.मि. | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| ६. | बङ्करदेखि ब्यारेकसम्म भौतिक संरचना निर्माणको समष्टिगत भौतिक प्रगति | ५ | वटा | ३७८२ | ७३ | ३८५५ वटा | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| ७. | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय ( NDU) निर्माणकार्यको | ३ | प्रतिशत | १७.२२ | ५६.८२ | ७४.०४ % | लक्ष्यबमोजिम कार्य सम्पन्न |

| क्र.सं. | नतिजा सूचक | भार | एकाइ | आ.व. २०८०/०८१ को स्थिति | आ.व. २०८१/०८२ को लक्ष्य | आ.व. २०८१/०८२ अपेक्षित उपलब्धि (समष्टिगत) | २०८२ असार मसान्तसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|
| | समष्टिगत भौतिक प्रगति | | | | | | |
| ८. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २ | हेक्टर | | ६९ | ६९ हेक्टरमा वृक्षारोपण | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| ९. | राष्ट्रिय सेवादल तालिम तथा सामूहिक वार्षिक क्याम्प सञ्चालन | ५ | जना(हजार) | ७४.४८ | ७.७०४ | ८२.१८४ जना | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| १०. | सामुदायिक विपद् प्रतिकार्य तालिम | ५ | जना(हजार) | २७.६२५ | १६ | ४३.६२५ जना | लक्ष्यबमोजिम कार्य सम्पन्न |
| ११. | कुल बेरुजुमा फछ्र्यौटको अनुपात | ५ | प्रतिशत | ० | १०० | १००% | ६१.३९% |
| १२. | पुँजीगत खर्च | १० | प्रतिशत | ० | १०० | १००% | ५९.७२% |
| १३. | गुनासो फछ्र्यौट | ५ | प्रतिशत | ० | १०० | १००% | लक्ष्यबमोजिम कार्य सम्पन्न |

## २. सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू

| क्र.सं. | कार्यक्रम वा क्रियाकलाप | समयसीमा | प्रगति |
|---|---|---|---|
| १. | नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयलाई निर्दिष्ट कार्यक्षेत्र बमोजिमका नीति, कार्यक्रमहरूको कार्यान्वयन गर्ने गराउने। | २०८२ असार | कार्य भइरहेको। |
| २. | आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमका साथै मन्त्रालयले तयार गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको कार्यान्वयन गर्न नेतृत्व, समन्वय, सहजीकरण र अनुगमन गर्ने। | २०८२ असार | कार्य भइरहेको। |
| ३. | उत्तर दक्षिण राजमार्ग, कोशी कोरिडोरको च्याम्ताङ-घोङ्गप्पा खण्ड (१०.५१ कि.मि. लम्बाइ) मा थप २.०१ कि.मि. नयाँ ट्र्याक निर्माण गरी ट्र्याक निर्माणकार्य सम्पन्न गर्ने। | २०८१ चैत | लक्ष्यबमोजिम कार्यसम्पन्न। |
| ४. | उत्तर-दक्षिण राजमार्ग, कर्णाली करिडोरको घाटपारीचौर-बद्रिगाउँ-भुक्काखोला खण्डमा २.५ कि.मि. नयाँ ट्र्याक निर्माण गर्ने। | २०८२ असार | लक्ष्यबमोजिम कार्यसम्पन्न। |
| ५. | महाकाली करिडोर, दार्चुला-टिङ्कर सडकको तुसारपानी-टिङ्कर खण्ड | | |

| क्र.सं. | कार्यक्रम वा क्रियाकलाप | समयसीमा | प्रगति |
|---|---|---|---|
| | (७९ कि.मि. लम्बाइ) मा ट्र्याक निर्माण कार्यः | | |
| | क. थप १.८ कि.मि. नयाँ ट्र्याक निर्माण गर्ने। | २०८१ चैत | लक्ष्यबमोजिम कार्य सम्पन्न। |
| | ख. १.२ कि.मि. ट्र्याक स्तरोन्नति (४ मिटर चौडाइलाई ८ मिटर) गर्ने। | २०८१ चैत | लक्ष्यबमोजिम कार्य सम्पन्न। |
| ६. | काठमाण्डौं-तराई/ मधेस द्रुतमार्गको डिजाइन तथा पूर्वतयारीका कार्य सम्पन्न गर्नेः- | | |
| | क. द्रुतमार्गको ६.५ कि. मि. देखि ११.१ कि. मि. सम्ममा पर्ने प्याकेज नं. ८क | २०८१ मङ्सिर | ९५ प्रतिशत (कार्यसम्पन्न) |
| | ख. ११.१ कि. मि. देखि १६.१ कि. मि. सम्ममा पर्ने प्याकेज नं. ८ ख | २०८१ कार्तिक | ९५ प्रतिशत (कार्यसम्पन्न) |
| | ग. १६.१ कि. मि. देखि १८.० कि. मि. सम्ममा पर्ने प्याकेज नं. ९क | २०८१ मङ्सिर | ९५ प्रतिशत (कार्यसम्पन्न) |
| | घ. १८.० कि. मि. देखि २०.७ कि. मि. सम्ममा पर्ने प्याकेज नं. ९ख | २०८१ मङ्सिर | ९५ प्रतिशत (कार्यसम्पन्न) |
| | ङ. २०.७ कि. मि. देखि २४.८ कि. मि. सम्ममा पर्ने प्याकेज नं. १० | २०८१ भदौ | लक्ष्यबमोजिम कार्यसम्पन्न |
| ७. | काठमाण्डौं –तराई/मधेस द्रुतमार्गको ० कि. मि. देखि ६.५ कि. मि. सम्ममा पर्ने प्याकेज नं. ११ को निर्माण सम्झौता सम्पन्न गर्ने। | २०८१ चैत | कार्य सुरु हुन बाँकी। |
| ८. | काठमाण्डौं-तराई/मधेस द्रुतमार्गमा निर्माण कार्य: | | |
| | क. प्याकेज नं. १ अन्तर्गतको ३,३५४ मिटर लम्बाइको महादेवटार सुरुङ खन्ने कार्य सम्पन्न गर्ने। | २०८१ चैत | - |
| | ख. महादेवटार सुरुङमा Secondary Lining को कार्य २५०० मिटर सम्पन्न गर्ने। | २०८२ असार | ६६१ मिटर मात्र सम्पन्न। |
| | ग. प्याकेज नं. २ अन्तर्गतको १,६९१ मिटर लम्बाइको धेद्रे सुरुङमार्गको Secondary Lining को कार्य सम्पन्न गर्ने । | २०८२ असार | ७३६ मिटर मात्र सम्पन्न । |
| | घ. प्याकेज नं. २ अन्तर्गतको १,६२८ मिटर लम्बाइको लेनडाँडा सुरुङमार्गको Secondary Lining को कार्य सम्पन्न गर्ने। | २०८२ असार | १०६८ मिटर मात्र सम्पन्न। |
| | ङ. प्याकेज नं. ७ अन्तर्गतका ६ स्थानका पुलहरूको Foundation को कार्य सम्पन्न गर्ने। | २०८२ असार | लक्ष्यबमोजिम कार्य सम्पन्न। |
| | च. प्याकेज नं. ६ अन्तर्गतका १८ स्थानका पुलहरूको Foundation को कार्य सम्पन्न गर्ने। | २०८२ असार | १२ स्थानको मात्र कार्य सम्पन्न । |
| | छ. ४८.२ कि. मि. देखि ५५.८ कि. मि. सम्ममा पर्ने प्याकेज नं. ३ अन्तर्गत ५,००० मिटर सडकको बेस निर्माणकार्य सम्पन्न गर्ने। | २०८२ असार | Service Road मा ५,००० मिटर मात्र सम्पन्न। |
| | ज. प्याकेज नं. ३ अन्तर्गतका १० स्थानका पुलहरूको Superstructure को कार्य सम्पन्न गर्ने। | २०८२ असार | २ स्थानका पुलहरूको Superstructure को कार्य भइरहेको । |


| क्र.सं. | कार्यक्रम वा क्रियाकलाप | समयसीमा | प्रगति |
|---|---|---|---|
| | झ. द्रुतमार्गको ५५.८ कि. मि. देखि ६३.६ कि. मि. सम्ममा पर्ने प्याकेज नं. ४ अन्तर्गतका ८ स्थानका पुलहरूको Superstructure को कार्य सम्पन्न गर्ने। | २०८२ असार | कार्य भयरहेको। |
| | ञ. द्रुतमार्गको ६३.६ कि. मि. देखि ७०.९ कि. मि. सम्ममा पर्ने प्याकेज नं. ५ अन्तर्गत ५,७४५ मिटर सडकको सब-बेस निर्माणकार्य सम्पन्न गर्ने। | २०८१ चैत | कार्य भइरहेको। |

## २.४. नेपाली सेना

## २.४.१. कार्यक्रम/आयोजनागत प्रगति अवस्था

| क्र. सं. | कार्यक्रम/आयोजना | भौतिक (%) | वित्तीय(%) | कैफियत |
|---|---|---|---|---|
| १. | बङ्करदेखि ब्यारेक कार्यक्रम | १०० | १०० | |
| २. | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) को भौतिक संरचनाहरूको निर्माण | ७४.०४ (समष्टिगत) | ७४.०२ (समष्टिगत) | |
| ३. | राष्ट्रिय सेवा दल (NCC) – ७७०४ जनालाई राष्ट्रिय सेवा दलको तालिम प्रदान गर्ने | लक्ष्यअनुसार कार्यसम्पन्न (आ.व. २०८१/८२ को अन्त्यसम्ममा तालिमप्राप्त प्रशिक्षार्थीको सङ्ख्या कुल जम्मा ८२ हजार १ सय ८४ जना पुगेको) | | |
| ४. | काठमाडौँ-तराई /मधेस द्रुतमार्ग सडक आयोजना | ६७.५ | ८७.९४ | विस्तृत प्रगति अनुसूची ५ मा उल्लेख गरिएको छ। |
| ५. | (कोशी करिडोर सडक) - NP खाँदबारी-किमाथाङ्का (च्याम्ताङ -घोङ्घप्पा) सडक आयोजना | १०० | १०० | |
| ६. | कर्णाली करिडोरअन्तर्गत (घाटपारीचौर-बद्रिगाउँ-भुक्काखोला खण्ड) सडक आयोजना – NP | १०० | १०० | |
| ७. | कर्णाली करिडोर (बोक्चे गौडामा २०० मिटर, भिर गौडामा २०० मिटर र याङ्गचु भिरमा ४०० मिटर गरी जम्मा ८०० मिटर लम्बाइको सडक निर्माण र खार्पुनाथस्थित चुवाखोलामा बेलिब्रिज निर्माण) | १०० | ८२ | |
| ८. | बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ सडक आयोजना – P१ | १०० | ९८.०४ | |
| ९. | बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ सडक आयोजनाअन्तर्गत थप कार्य- तातोपानी भिर (चे. १५+५००) मा सडक चौडाइ वृद्धि कार्य | १०० | १०० | |
| १०. | महाकाली करिडोर अन्तर्गत दार्चुला-टिङ्कर (तुसारपानी-टिङ्कर) सडक आयोजना - P१ | १०० | १०० | |
| ११. | महाकाली करिडोर अन्तर्गत दार्चुला-टिङ्कर (तुसारपानी-टिङ्कर) सडक आयोजना थप कार्य श्री दार्चुला- टिङ्कर सडक (तुसारपानी-टिङ्कर खण्ड) ( २.३ कि.मि. नयाँ ट्र्याक निर्माण) | १०० | १०० | |

| | | | | |
|---|---|---|---|---|
| १२. | अपरेसन महाकाली संरक्षण – थप कार्य | १०० | ९९.९९ | |
| १३. | राष्ट्रिय चुरे-तराई/मधेस संरक्षण – NP | १०० | ९८.४२ | |




## २.४.२. अन्य कार्यहरूको प्रगति अवस्था

### क) विपद् व्यवस्थापन क्षमता अभिवृद्धि

नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धिअन्तर्गत आ.व.२०८१/८२ अवधिमा जम्मा १६ हजार जनालाई सामुदायिक विपद् प्रतिकार्य तालिम प्रदान गरी हालसम्म कुल ४३,६२५ जनाले सामुदायिक विपद् प्रतिकार्य तालिम प्राप्त गरेका छन् । नेपाली सेनाले गत सालको असोजमा गएको बाढी पहिरो लगायतका विपत्तिमा उद्धार र राहतमा महत्त्वपूर्ण कार्य गर्दै आएको छ । आ.व. २०८१/८२ मा सम्पादन भएका विपद् व्यवस्थापन सम्बन्धी मुख्य कार्यहरू निम्नानुसार रहेका छन्:-

| क्र.सं. | मुख्य कार्यहरू | लाभान्वित सङ्ख्या |
|---|---|---|
| १. | जीवित उद्धार | ९८९ जना |
| २. | शव निकाल्ने कार्य | ९८ वटा |
| ३. | सुरक्षित स्थानमा स्थानान्तरण | ६३ स्थान |
| ४. | पहिरो पन्छाउन सहयोग | ३२ स्थान |
| ५. | अवरुद्ध सडक सुचारु | ३४ स्थान |
| ६. | तटबन्धन निर्माण (सुनसरी, सप्तरी, सिराहा, ओखलढुङ्गा) | ४ स्थान |

| क्र.सं. | मुख्य कार्यहरू | लाभान्वित सङ्ख्या |
|---|---|---|
| ७. | अस्थायी पुल निर्माण (रसुवा, पाँचथर, सोलुखुम्बु, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक) | ६ स्थान |
| ८. | बेपत्ताको खोजी (रुपन्देही, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपालाञ्चोक) | ४ स्थान |
| ९. | बेलिब्रिज निर्माण (रामेछाप-सिन्धुली, लिपिङ खोला, खार्पुनाथ, मख्खुबेशी) | ४ स्थान |
| १०. | हवाई उद्धार (मनसुन मात्र) | ९५३ जना सकुशल, १६ वटा शव |
| ११. | राहत सामग्री हवाई ढुवानी (मङ्गलटार, रोसी, खानीखोला, नारायणटार र महादेवटार) | ५३४७८.६ के.जी. राशन ४४५० लिटर इन्धन |
| १२. | हिमताल विस्फोटमा उद्धार (सोलुखुम्बु) | १ स्थान |

## ख) नागरिक - सैनिक सम्बन्धअन्तर्गत सम्पादित मुख्य कार्यहरू

यसअन्तर्गत आ.व. २०८१/८२ मा देहायबमोजिमका कार्यहरू सम्पन्न भएका छन्:-

| क्र.सं. | मुख्य कार्यहरूको विवरण | लाभान्वित सेवा/ सङ्ख्या |
|---|---|---|
| १. | शङ्कास्पद वस्तु डिस्पोज (IED-६१ वटा, HOAX-८ वटा) | ६९ वटा |
| २. | हवाई उद्धार (सुत्केरी-१३१ जना, गैरसैनिक घाइते/बिरामी-११० जना, विदेशी नागरिक-३ जना) | २४४ जना |
| ३. | आगलागी नियन्त्रण (जङ्गल-३०२ स्थान, भौतिक संरचना-१३३ स्थान) | ४३५ स्थान |
| ४. | विपद्बाहेक उद्धार सवारी दुर्घटनामा उद्दार-६८ जना, नदी तथा तालमा डुबेका उद्धार-२४ जना, घाइते बिरामी उद्धार-२१ जना, जङ्गलमा हराएकाको खोजी-१८ जना | १३१ जना |
| ५. | श्रमदान/सहयोग | ३१ स्थान |
| ६. | राहत/सहयोग (खाद्य सामग्री वितरबाट १६८२ जना लाभान्वित, खेलकुद तथा शैक्षिक सामग्री वितरणबाट ८८६ जना लाभान्वित) | २५६८ जना |
| ७. | नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन | २१६५३ जना |
| ८. | रक्तदान | १०५ जना |

| क्र.सं. | मुख्य कार्यहरूको विवरण | लाभान्वित सेवा/ सङ्ख्या |
|---|---|---|
| ९. | सचेतनामूलक कक्षा सञ्चालन | ९८५८ जना |
| १०. | सर्पदंश उपचार | २१७० जना |
| ११. | शीघ्रप्रभावी आयोजना २२ वटा | करिब १५ हजार जना |

**ग) नेपाली सेनाबाट सञ्चालित स्वास्थ्य सेवासुविधाको क्षमता अभिवृद्धि**

- आ.व.२०८१/८२ मा वीरेन्द्र अस्पताल तथा अन्य सैनिक अस्पतालबाट सञ्चालन भएको नियमित स्वास्थ्य उपचार सेवाअन्तर्गत १० लाख ८३ हजार ४५८ जना हिताधिकारीलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ भने सञ्चालित ६३ वटा स्वास्थ्य शिविरहरूबाट १२ हजार ६८२ जना लाभान्वित भएका छन्।

**घ) तालिम, अभ्यास तथा प्रशिक्षण**

- मिति २०८२।०१।२१ गतेदेखि ऐ. २८ गतेसम्म राष्ट्रिय खेलाडीहरूलाई सम्मिलित गराई प्रधान सेनापति राष्ट्रिय टेनिस प्रतियोगिता-२०८२ सञ्चालन गरिएको,
- मित्रराष्ट्र पाकिस्तानमा मिति २०८१।१२।२८ गतेबाट मिति २०८२।०१।०५ गतेसम्म 8th International Pakistan Army Team Spirit (PATS)-Competition-2025 सञ्चालन भएको। उक्त Competition मा ११ जनाको टोली सहभागी भई Gold Medal प्राप्त गरेको,
- आ.व.२०८१/८२ मा विभिन्न शिक्षण संस्थाहरूमा सञ्चालन भएका तालिमहरूमा विभिन्न मित्रराष्ट्रहरूबाट कुल ४५ जना विदेशी शिक्षार्थीहरूको सहभागिता भएको।
- आ.व.२०८१/८२मा विभिन्न मित्रराष्ट्रहरूमा नेपाली सेनाका ६७३ जना सकलदर्जाहरू विभिन्न पेसागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम/सेमिनारमा सहभागी भएका।
- मिति २०८२ भाद्र ३१ गतेदेखि ऐ. असोज १५ गतेसम्म ८ (आठ) वटा खेल विधाहरू समावेश गरी प्रधान सेनापति ट्रफी-२०८१ सञ्चालन गरिएको।
- मिति २०८१/०६/१८ गतेबाट ऐ. २७ गतेसम्म मित्रराष्ट्र बेलायतमा सञ्चालन भएको "Exercise Cambrian Patrol 2024" मा नेपाली सेनाको तर्फबाट १० जना सहभागी भई Gold Medal प्राप्त गर्न सफल भएको।

- मिति २०८२/०९/१६ गतेबाट ऐ.२९ गतेसम्म नेपाली सेना र मित्रराष्ट्र भारतीय सेनाको फौज ३३४/३३४ जना सम्मिलित गराई Nepal-India Battalion Level Joint Training "Ex-Surya Kiran-XVIII" श्री नेपाली सैनिक ब्याटल स्कुल सालझण्डी ब्यारेक, रुपन्देहीमा सञ्चालन गरिएको ।

- मिति २०८१/११/१० गते दशौँ संस्करणको "प्रधान सेनापति खुल्ला म्याराथन दौड प्रतियोगिता-२०८१" सञ्चालन गरिएको ।

- मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको Chongqing मा मिति २०८१/०६/०५ गतेदेखि ऐ. १५ गतेसम्म सञ्चालन भएको "Sagarmatha Friendship 2024" मा नेपाली सेनाका तर्फबाट १० जनाले सहभागिता जनाएका ।

**ङ) संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्य**

सन् १९५८ देखि हालसम्म विभिन्न संयुक्त राष्ट्रसङ्घीय मिसनहरूमा १,५९,५५९ जना (३४४६ महिला सैनिक सहित) नेपाली शान्ति सैनिकहरू सहभागी भइसकेका छन् । २०८२ असार मसान्तमा विभिन्न ११ वटा मिसनहरूमा ५,९०४ जना (५६८ जना महिला सैनिकसहित) शान्ति सैनिकहरू कार्यरत रहनुका साथै फौज योगदान गर्ने देशको सूचीमा नेपाल पहिलो स्थान (महिला सहभागिताका हिसाबले समेत) मा रहन सफल भएको छ । शान्ति सेनामा कर्तव्यपालनाको सिलसिलामा हालसम्म ७३ जना नेपाली सैनिक वीरगति प्राप्त गरेका छन् तथा ७१ जना घाइते भएका छन् ।

**च) वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण**

सोहीअनुरूप वन्यजन्तुको चोरी सिकारी, वन पैदावारको तस्करी, अवैध अतिक्रमण कार्यलाई नियन्त्रण गर्न असरदार कारबाही सञ्चालन गरी निकुञ्जभित्र गैरकानुनी कार्यमा संलग्न जम्मा ७,८३१ जना व्यक्तिहरू पक्राउ भई निजहरूले प्रयोग गरिरहेका हात हतियार, सवारी साधन, आखेटोपहारसमेत बरामद गरी निकुञ्ज प्रशासनलाई हस्तान्तरण गरिएको छ । प्रकृति संरक्षण कार्यका सिलसिलामा हालसम्म ११६ जना सैनिक व्यक्तिको मृत्यु भएको छ ।

**छ) कल्याणकारी कार्यक्रम**

वि.सं. २०३२ सालमा स्थापित सैनिक कल्याणकारी कोषमा आ.व. २०८१/८२ को अन्त्य सम्ममा बैङ्कमा मौज्दात रकम र अन्तर्गत निकायहरूमा भएको लगानीसमेतको कुल जम्मा रकम रु. ८६ अर्ब ७४ करोड ७८ लाख हुन गएको छ । उक्त कोषबाट हिताधिकारीहरूले प्राप्त गरिरहेको **शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियत**हरूलाई चार "स" को लक्ष्यअनुरूप थप

प्रभावकारी एवम् प्रतिफलमूलक बनाउनका लागि समायानुकूल विस्तार तथा स्तरोन्ती गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

### २.५. राष्ट्रिय सुरक्षा परिषद्

#### २.५.१ आ.व. २०८१/८२ मा सम्पादित कार्यहरू

- आ.व. २०८१/८२ मा राष्ट्रिय सुरक्षा परिषद्को ५ वटा बैठक सम्पन्न भएको र सो बैठकहरूबाट उप-निर्वाचनमा नेपाली सेना परिचालन गर्ने, अन्तर्राष्ट्रिय परिस्थिति र यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव विश्लेषण लगायत सुरक्षा निकायहरूलाई समयानुकुल सुरक्षा चुनौतीहरूको सामना गरी राष्ट्रिय सुरक्षा कायम गर्ने सम्बन्धमा विविध निर्णयहरू भएको,
- **"राष्ट्रिय सुरक्षा प्रणालीमा आतङ्ककारी कार्य तथा आमविनाशका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारणसम्बन्धी नीतिगत व्यवस्था गर्ने"** विषयमा मस्यौदा तर्जुमा गरिएको,
- **"राष्ट्रिय सुरक्षा नीति, २०७५ को एकीकृत कार्ययोजना, २०७७ तथा कार्यान्वयन सम्बन्धी मार्ग निर्देशन, २०७८"** को त्रैमासिक कार्य प्रगति विवरण सम्बन्धी सम्बन्धित २२ मन्त्रालय र ०८ निकायहरूका फोकल पर्सनहरूको सहभागितामा ०५ वटा समन्वयात्मक बैठकहरू सम्पन्न भई राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयनको अवस्थाको विश्लेषण भएको,
- राष्ट्रिय सुरक्षा परिषद्को ३१ औँ बैठकको निर्णयअनुसार चारवटै सुरक्षा निकायका इन्टिलिजेन्स् विभाग सम्मिलित **"एकीकृत राष्ट्रिय सुरक्षा इन्टिलिजेन्स संयन्त्र (INIM)"** को १२ वटा बैठक सम्मन्न भई समसामयिक सुरक्षा विश्लेषण भएको,
- सम्बन्धित क्षेत्रका विज्ञहरूको उपस्थितिमा **"बदलिँदो विश्व भू-राजनीति र आर्थिक अवस्थाले नेपालको समग्र राष्ट्रिय सुरक्षामा पार्ने असरहरू तथा नेपालले अपनाउनुपर्ने रणनीतिहरू"** विषयक सेमिनार सम्पन्न गरिएको,
- राष्ट्रिय सुरक्षासँग सम्बन्धित वस्तुस्थिति तथा राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनको अवस्था लगायत सम्भावित सुरक्षा चुनौतिहरू तथा अन्य समसामयिक चुनौतीहरूको वस्तुगत पहिचान गरी समग्र राष्ट्रिय सुरक्षामा पर्न सक्ने प्रतिकूल प्रभावका सम्बन्धमा गण्डकी, बागमती र कर्णाली प्रदेशको स्थलगत अध्ययन कार्य सम्पन्न भएको।

# परिच्छेद ३: समस्या तथा समाधान

## ३.१ समस्या

**आर्थिक वर्ष २०८१/८२ मा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका मुख्य समस्याहरू निम्नानुसार रहेका छन् :-**

- काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको प्रगति अपेक्षित हुन नसकेको : राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको यस आयोजनाको अवधि २०८३ चैत्रसम्म मात्र रहेकामा हालसम्म ४२% मात्रै भौतिक प्रगति रहेको छ। प्याकेज नं. १ को निर्माण व्यवसायीबाट विभिन्न अस्वाभाविक माग दाबी (Claim) गरी विगत १६ महिनादेखि निर्माण कार्य अवरुद्ध गरेकाले समग्र आयोजनाको कार्य प्रगति प्रभावित भएको छ।
- द्रुतमार्गको प्रस्थानविन्दुदेखि ६.५ कि.मि. सम्म पर्ने प्याकेज नं. ११ मा जग्गा अधिग्रहण सम्बन्धी समस्या रहेको तथा प्रस्थानविन्दु र सवारी आवागमन सम्बन्धमा निर्णय नहुँदा उक्त खण्डको खरिद प्रक्रिया अगाडि बढाउन सकिएको छैन। त्यस्तै गरी द्रुतमार्गको ६.५ कि. मि. देखि २०.७ कि.मि. सम्म पर्ने प्याकेज नं. ८क, ८ख, ९क र ९ख को डिजाइन तथा पूर्वतयारीका कार्यहरू सम्पन्न गरी निर्माण कार्य सुचारु गर्ने लक्ष्य रहेकामा २०८१ असोज १० देखि १२ गतेसम्म परेको अत्यधिक वर्षाका कारण भौगोलिक परिवर्तनहरू भएकाले नयाँ भौगोलिक अध्ययन तथा डिजाइन गर्नुपर्ने अवस्था सिर्जना भएकाले वित्तीय तथा भौतिक प्रगति अपेक्षित हुन सकेको छैन।
- जङ्गी अड्डातर्फ हातहतियारतर्फ विनियोजित बजेट खर्च हुन सकेको छैन।
- वीरेन्द्र अस्पतालका लागि आवश्यक मेसिनरी औजारभित्र रहेका Package हरू मध्ये Medical Equipment's, Ortho Equipment's, Cardiology Equipment's, Dermatology Equipment's र Surgery Equipment's को ३ पटक सम्म ठेक्का आह्वान गर्दासमेत कुनै पनि ठेक्का सम्झौता हुन नसक्दा ७ करोड ४७ लाख ९६ हजार रकम फ्रिज हुन गएको, त्यसैगरी सैनिक हवाई सेवा तर्फ MI-17 हेलिकप्टरको Maintenance, Repair and Overhaul (MRO) का लागि International Competitive Bidding (ICB) आह्वान भएकामा बोलपत्र पेस हुन नआएकाले खरिद प्रक्रिया रद्द भई बजेट खर्च हुन सकेको छैन।
- राष्ट्रिय सुरक्षा नीति र क्षेत्रगत नीतिहरूबिच नीतिगत तथा कार्यगत तहमा अपेक्षित सामञ्जस्य कायम हुन नसक्दा राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनमा प्रभावकारिता रहेको देखिँदैन।

### ३.२. समस्या समाधानका उपायहरू

आर्थिक वर्ष २०८१/८२ को समग्र कार्यक्रम कार्यान्वयका क्रममा देखिएका समस्याहरू समाधानका लागि आगामी दिनमा रक्षा मन्त्रालयबाट निम्नानुसारका कार्यहरू उच्च प्राथमिकताका साथ सम्पादन गर्नुपर्ने देखिन्छः-

- नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन काठमाण्डौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) को निर्माणकार्यलाई तोकिएको समयमा नै सम्पन्न गर्ने सन्दर्भमा निर्माणका क्रममा देखिने समस्याहरू तत्काल समाधान तथा सहजीकरण गर्न स्थानीय नागरिक, स्थानीय तह/जनप्रतिनिधि, राजनैतिक दल, जिल्ला प्रशासन कार्यालयलगायत सरोकारवाला निकाय/पदाधिकारीहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने गरी मन्त्रालयस्तरमा एक कार्यदल/ कार्यसञ्चालन समूह गठन तथा परिचालन गरिनुपर्ने,
- व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ अनुसार यस मन्त्रालयले सम्पादन गर्नुपर्ने तर हाल सम्पादन हुन नसकेका कार्यहरू तत्काल कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान छ। जसअन्तर्गत मूलत: रक्षा मन्त्रालयको कार्यजिम्मेवारीअनुसारका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनका लागि रणनैतिक सुधार योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने हुन्छ । त्यस्तै कार्यसम्पादनमा व्यावसायिकता अभिवृद्धिका लागि माननीय मन्त्री र सचिव एवम् सचिव र प्रधानसेनापतिबिच कार्यसम्पादन सम्झौता हुने अभ्यास रहे तापनि उप्रान्त मन्त्रालयका अधिकृतस्तरसम्मका कर्मचारीहरूसम्म र नेपाली सेनाको समेत सबै विभाग/निर्देशनालय,पृतना,वाहिनी,गण तथा गुल्मपतिहरूसम्म कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादनको वार्षिक समिक्षा तथा पृष्ठपोषण गरिनुपर्ने,
- सर्वाङ्गीण मानवीय सुरक्षामा सुरक्षा निकायको भूमिका बारेमा विद्यालयदेखि नै बालबालिकाहरूको ज्ञानात्मक पक्ष सुधार गर्नुपर्ने भएकाले विद्यमान माध्यमिक तहको पाठ्यक्रममा उक्त विषयहरूको नक्साङ्कन गरी पाठ्यक्रमलाई समसामयिक परिमार्जनका लागि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गर्नुपर्ने,
- नेपाल एकीकरणसँग जोडिएका ऐतिहासिक र पुरातात्त्विक महत्त्वपूर्ण संरचना र पदमार्गहरूको विद्युतीय अभिलेखीकरण/डकुमेन्ट्री तयार गरी सङ्ग्रह गरिनुपर्ने,
- सर्वाङ्गीण मानवीय सुरक्षामा प्रदेश र स्थानीय तहको सहभागिताको क्षेत्र र भूमिका बारेमा प्रदेश र स्थानीय सरकारलाई जिम्मेवार बनाउनुपर्ने अवस्था रहेको छ।

## अनुसूची- १: काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको विस्तृत प्रगति अवस्था

काठमाडौँ तराई/मधेस द्रुतमार्ग निर्माणकार्य सुरु भएदेखि आ.व. ०८१/८२ असार मसान्तसम्मको कुल भौतिक प्रगति ४२.१३% तथा कुल वित्तीय प्रगति (मोबिलाइजेसन सहित) ४४% रहेको छ।

आ.व. ०८१/८२ मा काठमाडौँ-तराई/मधेस द्रुतमार्गमा सम्पादित कार्य र हासिल उपलब्धीको विस्तृत विवरण तल प्रस्तुत गरिएको छः-

| माइलस्टोन | एकाइ | बेस लाइन | वार्षिक | | समष्टिगत प्रगति | कै |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | | |
| १. **प्याकेज नं. १** अन्तर्गतको ३,४५५ मिटर लम्बाइको **महादेवटार सुरुङ** खन्ने कार्य सम्पन्न गर्ने | मिटर | २१५८ | ११९६ | - | २१५८.५ मिटर सम्पन्न | * |
| २. **प्याकेज नं. १** अन्तर्गतको ३,३५४ मिटर लम्बाइको **महादेवटार सुरुङमा** Secondary Lining को कार्य २,५०० मिटर सम्पन्न गर्ने | मिटर | ५०० | २००० | १६१ | ६६१ मिटर सम्पन्न | |
| ३. **प्याकेज नं. १** अन्तर्गतका ४ स्थानका पुलहरूको Foundation को कार्य सम्पन्न गर्ने | वटा | २ | २ | - | २ स्थानका पुलहरूको Foundation को कार्य सम्पन्न | |
| ४. **प्याकेज नं. १** अन्तर्गतका ४ स्थानका पुलहरूको Substructure को कार्य सम्पन्न गर्ने | वटा | ० | ४ | - | १ स्थानमा Substructure को कार्य भइरहेकोमा हाल अवरुद्ध | |
| ५. **प्याकेज नं. २** अन्तर्गतको १,६९१ मिटर लम्बाइको धेद्रे सुरुङमार्गको Secondary Lining को कार्य सम्पन्न गर्ने | मिटर | ४०० | ११९१ | ३३६ | ७३६ मिटर सम्पन्न | ** |
| ६. **प्याकेज नं. २** अन्तर्गतको १,६२८ मिटर लम्बाइको लेनडाँडा सुरुङमार्गको Secondary Lining को कार्य सम्पन्न गर्ने | मिटर | ४०० | १३२८ | ६६८ | १०६८ मिटर सम्पन्न | |
| ७. **प्याकेज नं. २** अन्तर्गतका ५ स्थानका पुलहरूको Superstructure को कार्य सम्पन्न गर्ने | वटा | ० | ५ | - | ४ स्थानका पुलहरूको ८०% कार्य सम्पन्न भएको | |
| ८. **प्याकेज नं. ३** अन्तर्गत ५,००० | मिटर | २००० | ३००० | २५०० | ४,५०० | *** |

| माइलस्टोन | एकाइ | बेस लाइन | वार्षिक | | समष्टिगत प्रगति | कै |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | | |
| मिटर सडकको सब-बेस निर्माण कार्य सम्पन्न गर्ने। | | | | | | |
| ९. **प्याकेज नं. ३** अन्तर्गत ५,००० मिटर सडकको बेस निर्माण कार्य सम्पन्न गर्ने। | मिटर | - | ५००० | - | निर्माण सामग्री स्वीकृत भई Service Road को ५००० मिटर सम्पन्न भएको | |
| १०. **प्याकेज नं. ३** अन्तर्गत ५,००० मिटर सडकको Dense Bituminous Macadam (DBM) को कार्य सम्पन्न गर्ने। | मिटर | - | ५००० | - | - | |
| ११. **प्याकेज नं. ३** अन्तर्गतका १४ स्थानका पुलहरूको Substructure को कार्य सम्पन्न गर्ने। | वटा | ६ | ८ | ४ | १० | |
| १२. **प्याकेज नं. ३** अन्तर्गतका १० स्थानका पुलहरूको Superstructure को कार्य सम्पन्न गर्ने। | वटा | ५ | ५ | - | ५ स्थानका सम्पन्न र थप २ स्थानका Superstructure को कार्य भइरहेको | |
| १३. **प्याकेज नं. ४** अन्तर्गतका ११ स्थानका पुलहरूको Substructure को कार्य सम्पन्न गर्ने। | वटा | ४ | ७ | ५ | ९ | |
| १४. **प्याकेज नं.** ४ अन्तर्गतका ८ स्थानका पुलहरूको Superstructure को कार्य सम्पन्न गर्ने। | वटा | - | ८ | - | ८ स्थानका पुलहरूको Superstructure को कार्य भइरहेको | |
| १५. **प्याकेज नं. ५** अन्तर्गत ५,७४५ मिटर सडकको सब-बेस निर्माण कार्य सम्पन्न गर्ने। | मिटर | २४०० | ३३४५ | २६०० | ५,००० | |
| १६. **प्याकेज नं. ५** अन्तर्गत ५,७४५ मिटर सडकको बेस निर्माण कार्य सम्पन्न गर्ने। | मिटर | ० | ५७४५ | - | Trial Section को कार्य भइरहेको | |
| १७. **प्याकेज नं. ५** अन्तर्गत ५,७४५ मिटर सडकको Dense Bituminous Macadam (DBM) को कार्य गर्ने। | मिटर | ० | ५७४५ | - | | |
| १८. **प्याकेज नं. ५** अन्तर्गतका ३ स्थानका पुलहरूको Superstructure को कार्य सम्पन्न गर्ने। | वटा | ० | ३ | - | ३ स्थानका पुलहरूको Superstructure को कार्य भइरहेको | |
| १९. **प्याकेज नं. ५** अन्तर्गत Toll | प्रतिशत | ० | १०० | १०० | १०० | |

| माइलस्टोन | एकाइ | बेस लाइन | वार्षिक | | समष्टिगत प्रगति | कै |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | | |
| Plaza को Foundation को कार्य सम्पन्न गर्ने। | | | | | | |
| २०. **प्याकेज नं. ५** अन्तर्गत निजगढ इन्टरचेन्जको Foundation को कार्य सम्पन्न गर्ने। | प्रतिशत | ० | १०० | - | डिजाइन सम्पन्न भई Ramp निर्माण सुरु भएको | |
| २१. **प्याकेज नं. ६** अन्तर्गतका १८ स्थानका पुलहरूको Foundation को कार्य सम्पन्न गर्ने। | वटा | ० | १८ | १२ | १२ | |
| २२. **प्याकेज नं. ७** अन्तर्गतका ६ स्थानका पुलहरूको Foundation को कार्य सम्पन्न गर्ने। | वटा | ० | ६ | ६ | ६ | |
| २३. **प्याकेज नं. ११** को बोलपत्र आह्वानका लागि आवश्यक तयारी सम्बन्धी कार्य गर्ने। | प्रतिशत | ० | १०० | ८० | ८० | |
| २४. **प्याकेज नं. ११** को बोलपत्र आह्वान गर्ने। | प्रतिशत | ० | १०० | - | - | |
| २५. **प्याकेज नं. ११** को खरिद सम्झौता सम्पन्न गर्ने। | प्रतिशत | ० | १०० | - | - | |
| २६. **प्याकेज नं. ८** क को डिजाइन तथा पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने। | प्रतिशत | २० | ८० | ७५ | ९५ | |
| २७. **प्याकेज नं. ८** ख को डिजाइन तथा पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने। | प्रतिशत | ३० | ७० | ६५ | ९५ | |
| २८. **प्याकेज नं. ९** क को डिजाइन तथा पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने। | प्रतिशत | २० | ८० | ७५ | ९५ | |
| २९. **प्याकेज नं.** ९ख को डिजाइन तथा पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने। | प्रतिशत | २० | ८० | ७५ | ९५ | |
| ३०. **प्याकेज नं. १०** को डिजाइन तथा पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने। | प्रतिशत | ८० | २० | २० | १०० | |

- निर्माण व्यवसायीद्वारा Schedule of Payment परिवर्तन गर्ने लगायतका विभिन्न अस्वाभाविक दाबी (Claim) गरी निर्माणकार्य अवरुद्ध गरेकाले कोशेढुङ्गा (माइलस्टोन) बमोजिम कार्य सम्पन्न नभएको,
- निर्माण व्यवसायीबाट Schedule of Payment परिवर्तन गर्ने लगायतका विभिन्न दाबी (Claim) गरेकाले कार्य प्रभावित भएकामा हाल कार्य सुचारु रहेको ,
- निर्माण व्यवसायीबाट तयारीको चरणमा समय व्यतीत भएको साथै पर्याप्त मात्रामा जनशक्ति तथा उपकरण परिचालन नहुँदा ढिलाई भएको,
- असोज महिनामा भएको अत्यधिक वर्षाका कारण पहुँचमार्गलगायत विभिन्न संरचनाहरूमा क्षति भएको तथा निर्माण व्यवसायीबाट निर्माण सामग्री तैनाथ गर्ने र अन्य तयारीको चरणमा समय व्यतीत भई कार्य प्रभावित भएको,
- निर्माण व्यवसायीबाट निर्माण सामग्री तैनाथ गर्ने तथा अन्य तयारीको चरणमा समय व्यतीत भएको। निर्माण व्यवसायीबाट डिजाइनको कार्य ढिला भएको तथा हाल भएको ३३ KVA लाइन स्थानान्तरण प्रक्रियामा ढिलाइ हुँदा कार्य प्रभावित भएको,
- खोकना इलाकामा जग्गा अधिग्रहण सम्बन्धी समस्या रहेको तथा द्रुतमार्गको सुरुविन्दु तथा सवारी आवागमन व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णय हुने क्रममा रहेको,
- मिति २०८१ असोज ११ र १२ गते भएको अत्यधिक वर्षाका कारण पहुँचमार्ग लगायत विभिन्न संरचनाहरूमा क्षति भई कार्य प्रभावित भएको साथै बागमती नदीको बहाबलगायतका भौगोलिक परिवर्तनहरू भएकाले केही संरचनाहरूको नयाँ भौगोलिक अध्ययन तथा डिजाइन गर्नुपर्ने अवस्था सिर्जना भएको।

# अनुसूची- २: आ.व. २०८१/८२ मा मन्त्रालयबाट भएको वैदेशिक मनोनयन विवरण

| सि.नं. | पदाधिकारी/निजामती कर्मचारीको नामथर | भ्रमण गरेको मुलुक/स्थान | कार्यक्रम | मनोनयन मिति | भ्रमण अवधि | कै. |
|---|---|---|---|---|---|---|
| १ | मा. रक्षा मन्त्री<br>श्री मानवीर राई | जर्मनी | UN Peacekeeping Ministerial-2025- | २०८२/०१/१० (नेपाल सरकार, मन्त्रिपरिषद्) | 13-14 May, 2025 | |
| २ | सचिव<br>श्री रामेश्वर दंगाल | बेलायत | British Gurkhas welfare Trust (GWT) द्वारा सञ्चालित कल्याणकारी कार्यक्रमहरूको अवलोकन भ्रमण तथा बेलायतका उच्च पदाधिकारीहरूसँग हुने शिष्टाचार भेटघाट | २०८२/१/२ (नेपाल सरकार, मन्त्रिपरिषद्) | 26 May-29 May, 2025 | |
| ३ | सचिव<br>श्री रामेश्वर दंगाल | अफ्रिका | MINUSCA मिसन, Central African Republic (CAR) मा उच्चस्तरीय निरीक्षण भ्रमण | २०८२/०२/२८ | 22-28 Jun, 2025 | |
| ४ | सचिव<br>श्री रामेश्वर दंगाल | भारत | 15th Edition of Aero India-2025' / Air Chief's Round Table'/'Defense Ministers' Conclave-2025'. | २०८१/१०/२१ | 10-14 Feb, 2025 | |
| ५ | सचिव<br>श्री रामेश्वर दंगाल | अमेरिका | Transnational Security Cooperation (TSC) Workshop. | २०८१/०७/०८ | 8-13 Dec, 2024 | |
| ६ | सहसचिव<br>श्री ज्ञानेन्द्र पौडेल | अफ्रिका | MINUSCA मिसन, Central African Republic (CAR) मा उच्चस्तरीय निरीक्षण भ्रमण। | २०८२/०२/०९ | 22-28 Jun, 2025 | |
| ७ | सहसचिव<br>श्री ज्ञानेन्द्र पौडेल | भारत | भारतको रक्षाउद्योग भ्रमण | २०८२/०३/२९ | 27 Jul-01 Aug, 2025 | |
| ८ | सहसचिव<br>श्री बलसागर गिरी | जर्मनी | UN Peacekeeping Ministerial-2025. | २०८२/०१/१० | 13-14 May, 2025 | |
| ९ | सहसचिव<br>श्री बलसागर गिरी | फिलिपिन्स | Regional International Humanitarian Law (IHL) Conference. | २०८२/०२/२९ | 11-14 Aug, 2025 | |
| १० | सहसचिव<br>श्री मनोज कुमार आचार्य | इण्डोनेसिया | UN Peacekeeping Ministerial-2025 दोस्रो Preparatory Meeting. | २०८१/१०/२० | 04-05 Feb, 2025 | |
| ११ | सहसचिव<br>श्री मनोज कुमार आचार्य | टर्की | "Executive Seminar 04-25: Changing Security Landscape in south and Central Asia" | २०८२/०२/२९ | 28 Jul-01 Aug, 2025 | |
| १२ | सहसचिव<br>श्री ज्ञान प्रसाद ढकाल | जर्मनी | GCMC Senior Executive Course | २०८२/०२/०६ | 14- 18 July, 2025 | |
| १३ | सहसचिव<br>श्री ज्ञान प्रसाद ढकाल | बेलायत | British Gurkhas welfare Trust | २०८२/०२/०५ | 26-29 May, | |

| सि.नं. | पदाधिकारी/निजामती कर्मचारीको नामथर | भ्रमण गरेको मुलुक/स्थान | कार्यक्रम | मनोनयन मिति | भ्रमण अवधि | कै. |
|---|---|---|---|---|---|---|
| | | | (GWT) द्वारा सञ्चालित कल्याणकारी कार्यक्रमहरूको अवलोकन भ्रमण तथा बेलायतका उच्च पदाधिकारीहरूसँग हुने शिष्टाचार भेटघाट | | 2025 | |
| १४ | | बेलायत | Building Integrity For senior Leaders (BISL) | २०८१/१२/१९ | 19-23 May, 2025 | |
| १५ | | उरुग्वे | UN Peacekeeping Ministerial-2025 पहिलो Preparatory Meeting | | 10-11 Dec, 2024 | |
| १६ | उपसचिव श्री सुनीता घिमिरे | भारत | Boundary Working Group (BWG) | २०८२/०३/२९ | 28-30 Jul, 2025 | |
| १७ | उपसचिव श्री रामेश्वर पोखरेल | भारत | BCGSI सोह्रौं बैठक | २०८२/०३/०२ | 23-24 Jun, 2025 | |
| १८ | उपसचिव श्री झनक कुमार खत्री | अमेरिका | "Mastering Negotiation Skills for Security Practitioners Event | २०८१/१०/२३ | 14-18 Apr, 2025 | |
| १९ | उपसचिव (लेखा) श्री गायत्रीरमण खनाल | कङ्गो | नेपाली शान्ति सेनाको कङ्गोर साउथ सुडान मिसन अवलोकन/निरीक्षण भ्रमण कार्यक्रम | २०८२/०२/२२ | 30 Jun-6 Jul, 2025 | |
| २० | उपसचिव श्री अनुप के.सी. | पाकिस्तान | REAIM (Responsible Artificial Intelligence in the Military Domain) Regional Consultations | २०८२/०२/२३ | 17-18 Jun, 2025 | |
| २१ | उपसचिव श्री भुवन पाण्डे | अमेरिका | Land Force Talk | २०८१/०५/०६ | 3-6 Sep, 2024 | |
| २२ | | कंगो | नेपाली शान्ति सेनाको कङ्गोर साउथ सुडान मिसन अवलोकन/निरीक्षण भ्रमण कार्यक्रम | २०८२/०२/२२ | 30 Jun-6 Jul, 2025 | |
| २३ | उपसचिव श्री इन्द्र गौतम | पाकिस्तान | UN Peacekeeping Ministerial-2025 | २०८१/१२/१९ | 15-16 Apr, 2025 | |
| २४ | उपसचिव श्री कुशला पौडेल | अमेरिका | Silk Road Seminar | २०८१/१२/१९ | 11-16 May, 2025 | |
| २५ | उपसचिव श्री खड्ग राज राई | अमेरिका | Comprehensive Security Cooperation 25-3 (CSC) Workshop | २०८२/०१/१६ | 13 Aug- 17 Sep, 2025 | |
| २६ | उपसचिव श्री सविता अर्याल | थाइल्यान्ड | National Disaster Management and Civil Military Coordination Frameworks | २०८१/०७/०५ | 3-5 Dec, 2024 | |
| २७ | उपसचिव श्री कोमल पराजुली | चीन | Exposure Visit | २०८१/०५/०५ | 27 Aug - 06 Sep, 2024 | |

| सि.नं. | पदाधिकारी/निजामती कर्मचारीको नामथर | भ्रमण गरेको मुलुक/स्थान | कार्यक्रम | मनोनयन मिति | भ्रमण अवधि | कै. |
|---|---|---|---|---|---|---|
| २८ | शाखा अधिकृत<br>श्री रिता रेग्मी तिवारी | इण्डोनेसिया | "United Nations Comprehensive Protection of Civilian (UNCPOC)" | २०८२/०३/०२ | 18-22 Aug, 2025 | |
| २९ | शाखा अधिकृत<br>श्री बिमला रेग्मी | भियतनाम | L301-Civilian-Military-Interagency Planning Seminar (CMIPS) | २०८१/११/०१ | 03-07 Mar, 2025 | |
| ३० | शाखा अधिकृत<br>श्री तीर्थराज चापागाईं | कङ्गो | नेपाली शान्ति सेनाको कंगो र साउथ सुडान मिसन अवलोकन/निरीक्षण भ्रमण कार्यक्रम | २०८२/०२/२२ | 30 Jun-06 Jul, 2025 | |
| ३१ | कम्प्युटर अधिकृत<br>श्री सुशिल रावल | चीन | Training Program on Smart Grid Information Engineering Technology For Belt and Road Countries | २०८२/०१/१६ | 25 Jun- 15 July, 2025 | |
| ३२ | शाखा अधिकृत<br>श्री गंगा काफ्ले | दक्षिण कोरिया | Pre-Delivery Inspection | २०८२/०२/२२ | 09-13 Jun, 2025 | |
| ३३ | शाखा अधिकृत<br>श्री डिल्लीराम पौडेल | चीन | Seminar on Emergency Search and Rescue Capacity Building For Nepal | २०८२/०३/०२ | 17-30 Jul, 2025 | |
| ३४ | शाखा अधिकृत<br>श्री नम्रता चुडाल | चीन | Exposure Visit | २०८१/०५/०५ | 27 Aug - 06 Sep, 2024 | |
| ३५ | शाखा अधिकृत<br>श्री मधुसुदन भट्टराई | भारत | 15th Edition of Aero India-2025' / Air Chief's Round Table'/'Defense Ministers' Conclave-2025' | २०८१/१०/२१ | 10-14 Feb, 2025 | |
| ३६ | नायब सुब्बा<br>श्री राम प्रसाद नेपाल | साउथ सुडान | UNMISS मिशन (FRB) साउथ सुडान | २०८१/०९/२४ | 23 Jan - 17 Feb, 2025 | |
| ३७ | स्वकीय अधिकृत<br>श्री नविन राई | जर्मनी | UN Peacekeeping Ministerial-2025- | २०८२/०१/१० | 13-14 May, 2025 | |

## अनुसूची- ३: संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यका लागि खटिएका मिसनहरू:-

संयुक्त राष्ट्र सङ्घअन्तर्गत नेपाली सेनालाई निम्न अनुसार ११ देशका विभिन्न मिसनहरूमा खटाइएको छ:-

1. MONUSCO Mission, DR Congo
2. UNIFIL Mission, Lebanon
3. UNMISS Mission, South Sudan
4. MINUSCA Mission, Central African Republic
5. UNDOF Mission, Syria
6. UNAMI Mission, Iraq
7. UNSMIL Mission, Libya
8. UNISFA Mission, Abyei
9. MINURSO Mission, Western Sahara
10. UNHMA Mission, Yemen
11. UNTSO Mission, Israel

## अनुसूची-४: हालसम्मका रक्षामन्त्रीहरूको नामावली

| क्र.सं. | नाम | समयावधि (वि.सं.) |
|---|---|---|
| १ | श्री बबर शमशेर जबरा | २००७।११।०७ देखि २००८।०२ सम्म |
| २ | श्री मोहन शमशेर जबरा | २००८।०२ देखि २००८।०७।३० सम्म |
| ३ | श्री केशर शमशेर जबरा | २००८।०८।०१ देखि २००९।०४।२६ सम्म |
| ४ | श्री नारदमुनि थुलुङ | २०१०।०३।०२ देखि २०१०।०७।०१ सम्म |
| ५ | श्री केशर शमशेर जबरा | २०१०।०७।०२ देखि २०१२।१०।१४ सम्म |
| ६ | श्री पुरेन्द्रविक्रम शाह | २०१२।१०।१५ देखि २०१४।०३।३० सम्म,<br>२०१४।०३।३१ देखि २०१५।०२।०१ सम्म,<br>२०१५।०२।०२ देखि २०१६।०२।१२ सम्म |
| ७ | श्री विश्वेश्वर प्रसाद कोइराला | २०१६।०२।१३ देखि २०१७।०९।११ सम्म |
| ८ | श्री तुलसी गिरी | २०१७।०९।१२ देखि २०१९।१२।१९ सम्म,<br>२०१९।१२।२० देखि २०२१।१०।११ सम्म |
| ९ | श्री सूर्य बहादुर थापा | २०२१।१०।१४ देखि २०२२।०३।०१ सम्म |
| १० | श्री गिरिप्रसाद बुढाथोकी | २०२२-०३।०२ देखि २०२५।१२।२४ सम्म,<br>२०२५।१२।२५ देखि २०२६।१२।३० सम्म,<br>२०२६-१२।३१ देखि २०२८।१२।३० सम्म |
| ११ | श्री किर्तिनिधि बिष्ट | २०२९।०१।०१ देखि २०३०।०३।३० सम्म |
| १२ | श्री नागेन्द्र प्रसाद रिजाल | २०३०।०४।०१ देखि २०३२।०८।१४ सम्म |
| १३ | श्री तुलसी गिरी | २०३३।०५।१७ देखि २०३४।०५।२३ सम्म |
| १४ | श्री किर्तिनिधि बिष्ट | २०३४।०५।२४ देखि २०३५।१२।३१ सम्म |
| १५ | श्री श्रीधर शम्शेर जबरा | २०३६।०१।०१ देखि २०३६।०२।१५ सम्म |
| १६ | श्री बालाराम घर्तीमगर | २०३६।०२।१६ देखि २०३७।०२।१७ सम्म |
| १७ | श्री सूर्यबहादुर थापा | २०३७।०२।१८ देखि २०३८।०३।०१ सम्म |

| क्र.सं. | नाम | समयावधि (वि.सं.) |
|---|---|---|
| १८ | श्री बालाराम घर्तीमगर | २०३८।०३।०२ देखि २०३९।०६।२४ सम्म |
| १९ | श्री सूर्यबहादुर थापा | २०३९।०६।२४ देखि २०४०।०३।२८ सम्म |
| २० | श्री लोकेन्द्र बहादुर चन्द | २०४०।०३।२९ देखि २०४२।१२।०७ सम्म |
| २१ | श्री नागेन्द्र प्रसाद रिजाल | २०४२।१२।०८ देखि २०४३।०३।०१ सम्म |
| २२ | श्री मरिचमान श्रेष्ठ | २०४३।०३।०२ देखि २०४६।१२।२३ सम्म |
| २३ | श्री लोकेन्द्र बहादुर चन्द | २०४६।१२।२४ देखि २०४७।०१।०५ सम्म |
| २४ | श्री कृष्ण प्रसाद भट्टराई | २०४७।०१।०६ देखि २०४८।०२।१४ सम्म |
| २५ | श्री गिरिजा प्रसाद कोइराला | २०४८।०२।१५ देखि २०५१।०८।१३ सम्म |
| २६ | श्री माधव कुमार नेपाल | २०५१।०८।१४ देखि २०५२।०५।२६ सम्म |
| २७ | श्री शेर बहादुर देउवा | २०५१।०५।२७ देखि २०५३।११।२८ सम्म |
| २८ | श्री लोकेन्द्र बहादुर चन्द | २०५३।११।२९ देखि २०५४।०६।२० सम्म |
| २९ | श्री सूर्यबहादुर थापा | २०५४।०६।२१ देखि २०५४।०७।२० सम्म |
| ३० | श्री फत्तेसिंह थारु | २०५४-०७-२१ दखि- २०५४-१२-२९ सम्म |
| ३१ | श्री गिरिजा प्रसाद कोइराला | २०५५।०१।०२ देखि २०५६।०२।१२ सम्म |
| ३२ | श्री कृष्ण प्रसाद भट्टराई | २०५६।०२।१७ देखि २०५६।१२।०७ सम्म |
| ३३ | श्री गिरिजा प्रसाद कोइराला | २०५६।१२।०८ देखि २०५७।०६।१५ सम्म |
| ३४ | श्री महेश आर्चाय | २०५७।०६।१६ देखि २०५८।०४।१० सम्म |
| ३५ | श्री शेर बहादुर देउवा | २०५८।०४।११ देखि २०५९।०६।२४ सम्म |
| ३६ | श्री लोकेन्द्र बहादुर चन्द | २०५९।०६।२५ देखि २०६०।०२।२० सम्म |
| ३७ | श्री सूर्यबहादुर थापा | २०६०।०४।१९ देखि २०६१।०२।१९ सम्म |
| ३८ | श्री शेर बहादुर देउवा | २०६१।०२।२८ देखि २०६१।१०।१९ सम्म |
| ३९ | श्री गिरिजा प्रसाद कोइराला | २०६३।०१।१९ देखि २०६३।१२।१८ सम्म |

| क्र.सं. | नाम | समयावधि (वि.सं.) |
|---|---|---|
| ४० | श्री राम बहादुर थापा ‘बादल’ | २०६५।०५।०६ देखि २०६६।०१।२१ सम्म |
| ४१ | श्री विद्यादेवी भण्डारी | २०६६।०२।११ देखि २०६७।१०।२३ सम्म |
| ४२ | श्री बिष्णुप्रसाद पौडेल | २०६७।११।०३ देखि २०६८।०५।१२ सम्म |
| ४३ | श्री बाबुराम भट्टराई | २०६८।०५।१२ देखि २०६८।०५।१८ सम्म |
| ४४ | श्री विजयकुमार गच्छदार | २०६८।०५।१८ देखि २०६८।०५।२९ सम्म |
| ४५ | श्री शरतसिंह भण्डारी | २०६८।०५।२९ देखि २०६८।०७।०२ सम्म |
| ४६ | श्री विजयकुमार गच्छदार | २०६८।०७।०२ देखि २०६९।०२।०५ सम्म |
| ४७ | श्री कृष्णप्रसाद सिटौला | २०६९।०२।०५ देखि २०६९।०२।१६ सम्म |
| ४८ | श्री बाबुराम भट्टराई | २०६९।०२।१६ देखि २०६९।१२।०१ सम्म |
| ४९ | श्री खिलराज रेग्मी | २०६९।१२।०१ देखि २०७०।१०।२६ सम्म |
| ५० | श्री सुशील कोइराला | २०७०।१०।२८ देखि २०७२।०६।२३ सम्म |
| ५१ | श्री केपी शर्मा ओली | २०७२।०६।२५ देखि २०७२।०७।१८ सम्म |
| ५२ | श्री भीम बहादुर रावल | २०७२।०७।१९ देखि २०७३।०४।१९ सम्म |
| ५३ | श्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ | २०७३।०४।२० देखि २०७३।०५।०८ सम्म |
| ५४ | श्री बालकृष्ण खाँड | २०७३।०५।०९ देखि २०७४।०२।२३ सम्म |
| ५५ | श्री शेर बहादुर देउवा | २०७४।०३।१२ देखि २०७४।०४।१० सम्म |
| ५६ | श्री भीमसेनदास प्रधान | २०७४।०४।११ देखि २०७४।११।०२ सम्म |
| ५७ | श्री केपी शर्मा ओली | २०७४।११।०३ देखि २०७।-११।१३ सम्म |
| ५८ | श्री ईश्वर पोखरेल | २०७४।१२।०२ देखि २०७५।०२।१८ सम्म,<br>२०७५।०२।१८ देखि २०७६।०८।०४ सम्म,<br>२०७६।०८।०४ देखि २०७७।०६।२८ सम्म |
| ५९ | श्री केपी शर्मा ओली | २०७७।०६।२८ देखि २०७७।०९।०५ सम्म |

| क्र.सं. | नाम | समयावधि (वि.सं.) |
|---|---|---|
| ६० | श्री केपी शर्मा ओली | २०७७।०९।१० देखि २०७८।०१।३० सम्म,<br>२०७८।०१।३१ देखि २०७८।०३।२८ सम्म |
| ६१ | श्री शेर बहादुर देउवा | २०७८।०३।२९ देखि २०७८।०२।२१ सम्म |
| ६२ | श्री मिनेन्द्र रिजाल | २०७८।०६।२२ देखि २०७९।०३।११ सम्म |
| ६३ | श्री शेर बहादुर देउवा | २०७९।०३।१२ देखि २०७९।०९।१० सम्म |
| ६४ | श्री पुष्पकमल दाहाल 'प्रचण्ड' | २०७९।०९।११ देखि २०७९।१०।०२ सम्म |
| ६५ | श्री हरि प्रसाद उप्रेती | २०७९।१०।०३ देखि २०७९।११।१६ सम्म |
| ६६ | श्री पुर्ण बहादुर खड्का | २०७९।१२।१७ देखि २०८०।११।२२ सम्म |
| ६७ | श्री हरि प्रसाद उप्रेती | २०८०।११।२३ देखि २०८१।०३।२० सम्म |
| ६८ | श्री मानवीर राई | २०८१।०३।३१ देखि २०८२।०५।२४ सम्म |
| ६९ | श्री सुशिला कार्की | २०८२।०५।२७ देखि हालसम्म |

## अनुसूची-५: हालसम्मका प्रधान सेनापतिहरूको नामावली

| सि.नं. | नामथर | समयावधि (वि.सं.) |
|---|---|---|
| १ | काजी विराज थापा मगर | १८००देखि १८०१ सम्म |
| २ | काजी महेश्वर पन्त | १८०१ देखि १८०१ सम्म |
| ३ | काजी श्री कालु पाण्डे | १८०१ देखि १८१४ सम्म |
| ४ | बडावीर शिवराम सिंह बस्न्यात | १८१८ देखि १८१८ सम्म |
| ५ | सरदार रामकृष्ण कुंवर | १८१८ देखि १८२४ सम्म |
| ६ | काजी केहरसिंह बस्न्यात | १८२४ देखि १८२८ सम्म |
| ७ | काजी श्री वंशराज पाण्डे | १८२८ देखि १८३९ सम्म |
| ८ | काजी श्री अभिमान सिंह बस्नेत | १८३९ देखि १८४२ सम्म |
| ९ | काजी सर्वजीत राना मगर | १८४२ देखि १८४२ सम्म |
| १० | काजी बलभद्र शाह | १८४२ देखि १८४५सम्म |
| ११ | मुलकाजी कीर्तिमान सिंह बस्न्यात | १८४५ देखि १८५७ सम्म |
| १२ | काजी श्री दामोदर पाण्डे | १८५७ देखि १८६१ सम्म |
| १३ | बडाकाजी अमरसिंह थापा | १८६१ देखि १८७३ सम्म |
| १४ | कमाण्डर इन चिफ श्री भीमसेन थापा | १८७३ देखि १८९५ सम्म |
| १५ | काजी श्री रणजङ्ग पाण्डे | १८९५ देखि १९०० सम्म |
| १६ | कमान्डर इन चिफ माथवरसिंह थापा | १९०० देखि १९०२ सम्म |
| १७ | कमान्डर इन चिफ अभिमान सिंह राना मगर | १९०२ देखि १९०३ सम्म |
| १८ | कमान्डर इन चिफ जङ्गबहादुर राणा | १९०३देखि १९०४ सम्म |
| १९ | कमान्डर इन चिफ बमबहादुर राणा | १९०४ देखि १९१३ सम्म |
| २० | कमान्डर इन चिफ कृष्णबहादुर राणा | १९१३ देखि १९१९ सम्म |
| २१ | कमान्डर इन चिफ रणोद्दिप सिंह बहादुर राणा | १९१९ देखि १९३३ सम्म |

| सि.नं. | नामथर | समयावधि (वि.सं.) |
|---|---|---|
| २२ | कमान्डर इन चिफ श्री जगत शमशेर राणा | १९३३ देखि १९३६ सम्म |
| २३ | कमान्डर इन चिफ श्री धीर शमशेर राणा | १९३६देखि१९४१ सम्म |
| २४ | कमान्डर इन चिफ श्री जीतजङ्ग राणा | १९४१ देखि १९४२ सम्म |
| २५ | कमान्डर इन चिफ श्री खड्ग शमशेर जंगबहादुर राणा | १९४२ देखि १९४३ सम्म |
| २६ | कमान्डर इन चिफ श्री रण शमशेर जंगबहादुर राणा | १९४३- देखि १९४४ सम्म |
| २७ | श्री ३ देव शमशेर जङ्गबहादुर राणा | १९४४ देखि १९५७ सम्म |
| २८ | श्री ३ चन्द्र शमशेर जङ्गबहादुर राणा | १९५७ देखि १९५८ सम्म |
| २९ | श्री ३ भीम शमशेर जङ्गबहादुर राणा | १९५८ देखि १९८६ सम्म |
| ३० | श्री ३ जुद्ध शमशेर जङ्गबहादुर राणा | १९८६ देखि १९८९ सम्म |
| ३१ | कमान्डर इन चिफ श्री रुद्र शमशेर जबरा | १९८९ देखि १९९० सम्म |
| ३२ | कमान्डर इन चिफ श्री पद्म शमशेर जङ्गबहादुर राणा | १९९० देखि २००२ सम्म |
| ३३ | श्री ३ मोहन शमशेर जङ्गबहादुर राणा | २००२ देखि २००५ सम्म |
| ३४ | कमान्डर इन चिफ श्री बबर शमशेर राणा | २००५।०१।१६ देखि २००७।११।०७ सम्म |
| ३५ | कमान्डर इन चिफ श्री केशर शमशेर राणा | २००८।०१।३० देखि २००८।०७।३० सम्म |
| ३६ | कमान्डर इन चिफ श्री किरण शमशेर राणा | २००८।०८।१८ देखि २०१३।०२।०६ सम्म |
| ३७ | कमान्डर इन चिफ श्री तोरण शमशेर जबरा | २०१३।०२।०७ देखि २०१७।०२।०७ सम्म |
| ३८ | कमान्डर इन चिफ श्री नीर शमशेर जबरा | २०१३।०२।०७ देखि २०२२।०१।१४ सम्म |
| ३९ | कमान्डर इन चिफ श्री सुरेन्द्र बहादुर शाह | २०२२।०१।१५ देखि २०२७।०१।१७ |

| सि.नं. | नामथर | समयावधि (वि.सं.) |
|---|---|---|
| | | सम्म |
| ४० | कमान्डर इन चिफ श्री सिंह बहादुर बस्न्यात | २०२७।०१।२७ देखि २०३२।०१।२७ सम्म |
| ४१ | प्रधान सेनापति महारथी श्री गुण शमशेर जबरा | २०३२।०१।२७ देखि २०३६।०१।२७ सम्म |
| ४२ | प्रधान सेनापति महारथी श्री सिंह प्रताप शाह | २०३६।०२।०१ देखि २०४०।०२।०१ सम्म |
| ४३ | प्रधान सेनापति महारथी श्री अर्जुन नरसिंह राणा | २०४०।०२।०१ देखि २०४४।०२।०१ सम्म |
| ४४ | प्रधान सेनापति महारथी श्री सत्चित शमशेर जबरा | २०४४।०२।०१ देखि २०४८।०२।०१ सम्म |
| ४५ | प्रधान सेनापति महारथी श्री गडुल शम्शेर जबरा | २०४८।०२।०१ देखि २०५२।०२।०१ सम्म |
| ४६ | प्रधान सेनापति महारथी श्री धर्मपालवरसिंह थापा | २०५२।०२।०१ देखि २०५६।०२।०१ सम्म |
| ४७ | प्रधान सेनापति महारथी श्री प्रज्वल शम्शेर जबरा | २०५६।०२।०५ देखि २०५९।०२।२३ सम्म |
| ४८ | प्रधान सेनापति महारथी श्री प्यारजङ्ग थापा | २०५९।०५।०१ देखि २०६३।०५।२४ सम्म |
| ४९ | प्रधान सेनापति महारथी श्री रूक्माङ्गद कटवाल | २०६३।०५।२४ देखि २०६६।०५।२३ सम्म |
| ५० | प्रधान सेनापति महारथी श्री छत्रमानसिंह गुरुङ | २०६६।०५।२४ देखि २०६९।०५।२३ सम्म |
| ५१ | प्रधान सेनापति महारथी श्री गौरव शमशेर जबरा | २०६९।०५।२४ देखि २०७२।०५।२३ सम्म |
| ५२ | प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्री | २०७२।०५।२४ देखि २०७५।०५।२३ |

| सि.नं. | नामथर | समयावधि (वि.सं.) |
|---|---|---|
| | | सम्म |
| ५३ | प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापा | २०७५।०५।२४ देखि २०७८।०५।२३ सम्म |
| ५४ | प्रधान सेनापति महारथी श्री प्रभुराम शर्मा | २०७८।०५।२४ देखि २०८१।०५।२३ सम्म |
| ५५ | प्रधान सेनापति महारथी श्री अशोकराज सिग्देल | २०८१।०५।२४ देखि हालसम्म। |

## अनुसूची-६: हालसम्मका रक्षासचिवहरूको नामावली

| सि.नं. | नाम, थर | कार्यावधि (वि.सं.) |
|---|---|---|
| १ | सचिव, श्री प्रेम नसिंह प्रधान | २०११।०४।२१ देखि २०१२।०६।२७ सम्म |
| २ | सचिव, श्री सोभाग जंग थापा | २०१२।०६।२८ देखि २०१७।१०।२५ सम्म |
| ३ | सचिव मे.ज., श्री पदम बहादुर खत्री | २०१७।१०।२६ देखि २०२०।१२।२६ सम्म |
| ४ | सचिव, श्री क्षेत्र विक्रम राणा | २०२०।१२।२७ देखि २०२३।०६।११ सम्म |
| ५ | सचिव सरदार, श्री विष्णुमणि आचार्य | २०२३।०६।१२ देखि २०२४।०४।१० सम्म |
| ६ | सचिव, श्री चित्र बहादुर के.सी. | २०२४।०४।११ देखि २०२६।०५।०३ सम्म |
| ७ | सचिव, श्री डी.राज शर्मा | २०२६।०५।०४ देखि २०२९।१२।३१ सम्म |
| ८ | सचिव, श्री फडिन्द्रराज हमाल | २०३०।०१।१३ देखि २०३७।१०।२२ सम्म |
| ९ | सचिव, श्री नरकान्त अधिकारी | २०३७।१०।२३ देखि २०३९।११।१५ सम्म |
| १० | सचिव, श्री शार्दुल शम्शेर ज.ब.रा. | २०३९।११।१६ देखि २०४०।११।२५ सम्म |
| ११ | सचिव, श्री मुकुन्द शम्शेर थापा | २०४३।०६।०४ देखि २०४८।०६।०३ सम्म |
| १२ | सचिव, श्री रमेश जंग थापा | २०४८।०६।०४ देखि २०५१।०७।२३ सम्म |
| १३ | सचिव, श्री सुर्दशन बहादुर सिंह | २०५१।०७।२४ देखि २०५२।०५।२० सम्म |
| १४ | सचिव, श्री चक्रबन्धु अर्याल | २०५२।०५।२१ देखि २०५६।०१।२२ सम्म |
| १५ | सचिव, श्री केशवराज राजभण्डारी | २०५६।०१।२३ देखि २०५७।०७।०१ सम्म |
| १६ | सचिव, श्री पदम कुमार आचार्य | २०५७।०७।०२ देखि २०५९।०१।१७ सम्म |
| १७ | सचिव, श्री मदन प्रसाद अर्याल | २०५९।०३।१२ देखि २०६०।११।०९ सम्म |
| १८ | सचिव, श्री विष्णुदत्त उप्रेती | २०६०।११।१८ देखि २०६४।०२।२७ सम्म |
| १९ | सचिव, श्री वामन प्रसाद न्यौपाने | २०६४।०८।०६ देखि २०६५।१२।१२ सम्म |
| २० | का.मु.सचिव, डा. गणेश राज जोशी | २०६५।१२।१६ देखि २०६६।०४।११ सम्म |

| | | |
|---|---|---|
| २१ | सचिव, नविन कुमार घिमिरे | २०६६।०४।२५ देखि २०६८।१०।२२ सम्म |
| २२ | सचिव, श्री माधव प्रसाद रेग्मी | २०६८।१०।२३ देखि २०६९।०४।३२ सम्म |
| २३ | सचिव, श्री तिलकराम शर्मा | २०६९।०४।३२ देखि २०७०।०३।०६ सम्म |
| २४ | सचिव, श्री आत्माराम पाण्डे | २०७०।०३।१६ देखि २०७०।०८।०२ सम्म |
| २५ | का.मु.सचिव, श्री देबेन्द्र प्रसाद सिटौला | २०७१।०१।२२ देखि २०७१।०७।२१ सम्म |
| २६ | सचिव, श्री इश्वरी प्रसाद पौड्याल | २०७१।११।२७ देखि २०७२।०८।१३ सम्म |
| २७ | सचिव, श्री जय मुकुन्द खनाल | २०७२।०८।२० देखि २०७२।१२।२९ सम्म |
| २८ | सचिव, श्री महेश प्रसाद दहाल | २०७३।०१।१५ देखि २०७३।०५।२८ सम्म |
| २९ | सचिव, श्री श्रीधर सापकोटा | २०७३।०५।२९ देखि २०७४।०७।१४ सम्म |
| ३० | सचिव, श्री विनोद के.सी. | २०७४।०७।२२ देखि २०७४।१२।२५ सम्म |
| ३१ | सचिव, श्री विष्णुप्रसाद लम्साल | २०७४।१२।२६ देखि २०७५।११।०८ सम्म |
| ३२ | सचिव, श्री रेश्मिराज पाण्डे | २०७५।११।०९ देखि २०७८।०३।१६ सम्म |
| ३३ | सचिव, श्री बेगेन्द्रराज शर्मा पौड्याल | २०७८।०४।२७ देखि २०७८।०९।१४ सम्म |
| ३४ | सचिव, श्री किरणराज शर्मा | २०७८।१०।०३ देखि २०८१।०४।१५ सम्म |
| ३५ | सचिव,श्री रामेश्वर दंगाल | २०८१।०४।१६ देखि २०८२।०६।०७ सम्म |
| ३६ | सचिव सुमनराज अर्याल | २०८२।०६।०८ देखि हालसम्म । |

# अनुसूची-५: फोटो ग्यालरी

## काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना





धेद्रे तथा लेनडाँडा इलाकामा निर्माणाधीन पुलहरूको निर्माण कार्य





बागदेव तथा निजगढ इलाकामा पुल निर्माण प्रगति





राजदमार तथा बागदेव इलाकामा द्रुतमार्ग निर्माण प्रगति





## कोशी करिडोर



बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ सडक आयोजना






**खाँदबारी किमाथाङ्का सडक (च्याम्ताङ-घोड्घप्पा खण्ड) आयोजना**





**कर्णाली करिडोर सडक**






**काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाअन्तर्गत धेद्रे सुरुङमार्गको ब्रेक थ्रु कार्यक्रम**





**खोकना इलाकाको जग्गा अधिग्रहण तथा सुरुविन्दु र सवारी आवागमन व्यवस्थापन सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम**



**माननीय रक्षामन्त्रीज्यू र श्रीमान् रक्षासचिवज्यूबिच आ.व. २०८१/०८२ को कार्यसम्पादन सम्झौता सम्पन्न**





**आ.व. २०८१/८२ को विभिन्न त्रैमासिक प्रगतिसमीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक**


नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं


नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

मन्त्रालय परिवार

नेपाल सरकार
**रक्षा मन्त्रालय**
सिंहदरबार, काठमाडौं

01-4211289 info@mod.gov.np www.mod.gov.np